**अनुसूची- २**

(दफा ४तथा अनसूची-१ को भाग-२ सँग सम्बन्धित)

बढैयाताल गाउँपालिका

# बढैयाताल गाँउपालिकाको राजपत्र

खण्डः क संख्याः ६ प्रमाणीकरण मितिः २०७४/१२/०९

**भाग-२**

**बढैयाताल गाउँपालिका**

**२०७४ सालको कार्यबिधि नं.६**

## बढैयाताल गाँउपालिका श्रोत परिचालन तथा ब्यवस्थापन कार्यबिधि-२०७४

प्रस्तावना :- गाउँपालिकाको समग्र स्रोत परिचालन, व्यवस्थापन एवम् काम कारवाहीमा कार्यकुशलता र प्रभावकारिता अभिबृद्धि गर्ने प्रयोजनका लागि संघिय सरकार, प्रदेश सरकार, एवं विकास साझेदारबाट गाउँपालिकालाई प्राप्त हुने सबै प्रकारका (सर्शत र समानिकरण) अनुदान, गाउँपालिकाको आन्तरिक आय, राजस्व बाँडफाँडबाट प्राप्त हुने रकम लगायत गाउँपालिकाको कोषमा प्राप्त हुने सबै प्रकारका स्रोत तथा स्थानीय स्रोत साधनलाई एकीकृत र समन्वित गरी गरिब, महिला, बालबालिका तथा सामाजिक, आर्थिक दृष्टिकोणबाट पिछडिएका वर्ग र समुदाय एवम् क्षेत्रको समेत पहुँच र स्वामित्व रहने गरी सन्तुलित तवरबाट स्थानीय सेवा प्रवाह एवं विकास निर्माण कार्य र शासन प्रक्रिया जनमुखी, जवाफदेही, मितव्ययी, पारदर्शी, उत्तरदायी, समावेशी, समतामूलक, सहभागितामूलक, दीगो र गुणस्तरयुक्त गराउँदै स्थानीयस्तरबाट नै गरिबी न्यूनीकरण र दीगो विकासको अवधारणालाई संस्थागत गर्नको लागी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ र यस गाँउपालिकाको प्रशासकीय कार्यबिधि (नियमित गर्ने) ऐन २०७४ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी "बढैयाताल गाउँपालिका स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०७४" जारी गरिएको छ ।

### परिच्छेद-१

### प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ :-

(१) यस कार्यविधिको नाम "बढैयाताल गाउँपालिका स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०७४" रहेको छ ।

(२) यो कार्यविधि तुरून्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :-

(क) "आन्तरिक आय" भन्नाले ऐन, नियमावली र गाउँपालिका आर्थिक प्रशासन नियमावली बमोजिम

गाउँपालिकाको गाउँसभाबाट स्वीकृत दरमा गाउँपालिकाले लगाएको स्थानीय कर, शुल्क, सेवा शुल्क, दस्तुर, बिक्री, स्रोत उपयोग, निकासी कर र भाडा बापत उठाएको आम्दानी सम्झनु पर्छ ।

(ख) "आयोजना" भन्नाले कुनै भौगोलिक क्षेत्र वा कार्यक्षेत्रमा निश्चित अवधि र लगानी रकम तोकी निर्धारित उद्देश्य प्राप्तिका लागि तयार गरिएको व्यवस्थित क्रियाकलाप सम्झनु पर्छ ।

(ग) "उपभोक्ता समिति" भन्नाले आयोजनाबाट प्रत्यक्ष लाभ पाउने व्यक्तिहरूको समूहले कुनै आयोजना निर्माण, सञ्चालन, व्यवस्थापन र मर्मत सम्भार गर्नको लागि आफूहरू मध्येबाट निश्चित प्रक्रिया बमोजिम गठन गरेको समिति सम्झनु पर्छ र सो शब्दले लाभग्राही समूह समेतलाई जनाउँछ ।

(घ) "ऐन" भन्नाले स्थानीय सरकार सन्चालन ऐन, २०७४ सम्झनु पर्छ ।

(ङ)"कार्यक्रम" भन्नाले निश्चित उद्देश्य प्राप्तिका लागि तयार गरिएको क्षेत्रगत वा बहुक्षेत्रगत आयोजनाहरूको संयोजित रूप सम्झनु पर्छ ।

(च) "कार्यविधि" भन्नाले "बढैयाताल गाउँपालिका स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०७४ सम्झनु पर्छ ।

(छ) "गैरसरकारी संस्था" भन्नाले यस कार्यविधिको प्रयोजनको लागि प्रचलित कानून बमोजिम स्थापना भएका र गाउँपालिकाको गाउँसभाबाट आफ्नो कार्यक्रम स्वीकृत गराई गाउँपालिकासँग समन्वय राखी कार्य सञ्चालन गर्ने गैरनाफामूलक संस्था सम्झनु पर्छ ।

(ज) "ठूला मेशिनरी तथा उपकरण" भन्नाले वातावरणलाई अत्यधिक ह्रास पुर्‍याउने प्रकृतिका ठूला मेशिनरी, उपकरण (बुलडोजर, एक्साभेटर आदि) र श्रममूलक प्रविधिलाई विस्थापित गर्ने खालका मेशिनरी तथा उपकरण सम्झनु पर्छ ।

(झ) "सभा" भन्नाले ऐनको दफा १९ बमोजिम गठित गाउँ सभा सम्झनु पर्छ ।

(ञ) "वित्तिय समानीकरण अनुदान" भन्नाले नेपाल सरकार, विकास साझेदार वा अन्य तहबाट ऐन, नियमावली, र यस कार्यविधिको परिधिभित्र रही गाउँपालिकाको विकासको लक्ष्य हासिल गर्न सहयोग पुग्ने गरी निर्धारित प्रक्रिया बमोजिम गाउँसभाबाट कार्यक्रम स्वीकृत गरी जवाफदेही ढंगले खर्च गर्न पाउने अनुदान सम्झनु पर्छ ।

(ट) "विषयगत शाखा" भन्नाले स्थानीय सरकार सन्चालन ऐन, २०७४ को दफा १०४ बमोजिम गाउँपालिकामा हस्तान्तरण भएर आउने विषयगत मन्त्रालय अन्तर्गतका सम्पती, दायित्व तथा बजेट सम्झनु पर्छ ।

(ठ) "विषयगत मन्त्रालय" भन्नाले संघमा सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय, प्रदेशमा स्थानीयसँग सम्बन्धित मन्त्रालय बाहेकका नेपाल सरकार तथा प्रदेश सरकारका विकास निर्माण एवम् सेवा सुविधाको प्रवाहसँग सम्बन्धित अन्य मन्त्रालयहरू सम्झनु पर्छ ।

(ड) "विकास साझेदार" भन्नाले नेपाल सरकार तथा प्रदेश सरकारसँग भएको सम्झौता बमोजिम नगद, जिन्सी एवं प्राविधिक सहयोग उपलब्ध गराउने द्विपक्षीय एवं बहुपक्षीय गाउँपालिका, दातृ निकाय,( संघसंस्था) संयुक्त राष्ट्रसंघीय तहहरू तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्था सम्झनु पर्छ ।

(ढ) "राजस्व बाँडफाँड" भन्नाले ऐनको दफा ६९ को उपदफा (२) को खण्ड (ख) बमोजिम गाउँपालिकालाई प्राप्त गर्ने रकम सम्झनु पर्छ र प्रदेश कानुन बमोजिम राजश्व बाँडफाँड गाउँपालिकालाई उपलब्ध हुने रकम समेतलाई जनाउँछ ।

(ण) "लक्षित समूह" भन्नाले आर्थिक रूपमा विपन्न वर्गका महिला एवम् बालबालिका तथा आर्थिक र सामाजिक रूपमा पिछडिएका वर्गहरू (सबै जातजातिका विपन्न वर्गहरू, ज्येष्ठ नागरिक, दलित, आदिवासी जनजाति, अपाङ्गता भएका व्यक्तिहरू, एकल महिला, मधेसी, मुश्लिम तथा पिछडावर्ग) एवम् नेपाल सरकारले लक्षित समूह भनी तोकेका वर्ग एवम् समुदाय सम्झनु पर्छ ।

(त) "लैङ्गिक लेखाजोखा (परीक्षण)" भन्नाले महिला र पुरूषबीचको भूमिका, सम्बन्ध, स्थान, स्तर, अवसर आदिको लेखाजोखा र महिला पुरूषबीच समानता कायम गर्नका लागि तय गरिएको कार्यक्रम र बजेटको समेत विश्लेषण गर्ने कार्यलाई सम्झनु पर्छ ।

(थ)"वडा समिति" भन्नाले ऐनको दफा १२ बमोजिम बमोजिम गठन भएको समिति सम्झनु पर्छ ।

(द)"स्रोत" भन्नाले गाउँपालिकालाई उपलब्ध हुने निःशर्त तथा सशर्त अनुदान, बिशेष अनुदान, समपुरक अनुदान, गाउँपालिकाको आन्तरिक आय, ऋण, सापटी, विकास साझेदारबाट प्राप्त कार्यक्रम बजेट लगायतका नगद, जिन्सी र प्राविधिक सहयोगलाई सम्झनु पर्छ ।

(ध)"सशर्त अनुदान" भन्नाले संघिय सरकार, प्रदेश सरकार, विषयगत मन्त्रालय, विकास साझेदार वा अन्य तहबाट कुनै क्षेत्रगत कार्यक्रम वा तोकिएको क्षेत्रमा लगानी र सेवा प्रवाह हुने गरी कुनै योजना, कार्यक्रम वा आयोजना तोकी वा नतोकी क्षेत्रगत वा विशेष उद्देश्य प्राप्तिको लागि गाउँपालिकाले तोकिएको शर्तको परिधिभित्र रही बाँडफाँड र खर्च गरी अपेक्षित नतिजा हासिल गर्ने अनुदान सम्झनु पर्छ ।

(न)"वडा सचिव" भन्नाले गाउँकार्यपालिका (कार्यविभाजन) नियमावली, २०७४ द्वारा परिभाषित गाउँपालिकाको वडा कार्यालयको प्रशासकीय प्रमुखको रुपमा कामकाज गर्न तोकिएको वडा सचिव सम्झनु पर्छ ।

(प)"सामाजिक परीक्षण" भन्नाले प्रचलित ऐन, नियम बमोजिम गाउँपालिकाको योजना, नीति, कार्यक्रम, आयोजना कार्यान्वयन र सेवा प्रवाहले आर्थिक, सामाजिक विकासमा गरेको समग्र योगदानको लेखाजोखा, विश्लेषण र मूल्याङ्कन कार्य सम्झनु पर्छ ।

(फ) "सार्वजनिक परीक्षण" भन्नाले प्रचलित ऐन, नियम बमोजिम गाउँपालिकाले सञ्चालन गर्ने कार्यक्रम वा आयोजनाको लक्ष्य, उद्देश्य, बजेट (आम्दानी) तथा यसबाट प्राप्त नतिजा, उपलब्धी र खर्च आदिको बारेमा सरोकारबालाहरू वीच जानकारी गराउने, लेखाजोखा गर्ने र मूल्याङ्कन गर्ने कार्य सम्झनु पर्छ ।

(ब) "सार्वजनिक सुनुवाई" भन्नाले सरोकारवाला सर्वसाधारण नागरिक र गाउँपालिकाका पदाधिकारीहरू बीच सार्वजनिक चासोको विषयमा सार्वजनिक स्थलमा खुला छलफल गर्ने प्रक्रिया सम्झनु पर्छ ।

(भ) "सामुदायिक संस्था" भन्नाले जनचेतनासम्बन्धी तालिम, अभिमुखीकरण, सीप विकास, बचत, कर्जा परिचालन, समावेशी विकास र सशक्तीकरण गर्ने उद्देश्यले निश्चित प्रक्रिया अवलम्वन गरी प्रचलित कानून बमोजिम स्थापना भएका संस्था तथा गाउँपालिकामा सूचीकृत भएका समुदायमा आधारित संस्था सम्झनु पर्छ ।

(म) "योजना" भन्नाले समग्र विकास निर्माणसम्बन्धी तयार पारिएको आवधिक गाउँपालिका विकास योजना, वार्षिक गाउँपालिका विकास योजना, जिल्ला सडक गुरूयोजना र विषयगत गुरूयोजना आदि सम्झनु पर्छ ।

(य) "स्थानीय तह" भन्नाले गाउँपालिका, नगरपालिका, उपनगरपालिका, माहानगरपालिकालाई सम्झनु पर्छ ।

३. कार्यविधिको उद्देश्य : यस कार्यविधिको उद्देश्य देहाय बमोजिम हुनेछ :-

(क)गाउँपालिकाको सबै प्रकारका स्रोत र साधनलाई उद्देश्यमूलक, पारदर्शी, उत्तरदायी र जवाफदेहीपूर्वक खर्च गर्ने पद्धति निर्माण गर्न सघाउ पुऱ्याउने,

(ख)गाउँपालिकाको स्रोतलाई प्राथमिकता प्राप्त क्षेत्रमा लगानी गर्ने आधार र प्रक्रियाबारे स्पष्ट गराउने,

(ग)आयोजना व्यवस्थापन, बजेट निकासा र खर्च प्रक्रियालाई सरलीकृत गर्दै आयोजना कार्यान्वयनमा सहजीकरण गर्ने,

(घ)आर्थिक व्यवस्थापन प्रणालीलाई अनुशासित र वित्तीय कुशलता हासिल गर्न सघाउ पुऱ्याउन लेखा, लेखापरीक्षण र प्रतिवेदन प्रणालीलाई नियमित र व्यवस्थित गर्ने,

(ङ) स्थानीयस्तरमा सुशासन कायम गर्न पारदर्शिता र उत्तरदायित्वसम्बन्धी व्यवस्थाको प्रवर्द्धन गर्ने,

(च) गाउँपालिकाको संस्थागत क्षमता, आयोजना व्यवस्थापन, अन्तरतह समन्वय र सेवा प्रवाहमा दक्षता अभिवृद्धि गर्ने,

(छ) सहभागितामूलक योजना प्रक्रिया अवलम्बन गर्दै योजनाबद्ध विकासका माध्यमबाट स्थानीय आवश्यकताको प्राथमिकीकरण, सञ्चालन एवम् मर्मत सम्भार गर्न स्थानीय जनतालाई प्रोत्साहन गर्ने,

(ज) समावेशी विकासको अवधारणा बमोजिम लक्षित समूह र क्षेत्रलाई मूलप्रवाहीकरण र सशक्तीकरण

गरी समावेशी विकासलाई संस्थागत गर्ने,

(झ) सामाजिक परिचालनका माध्यमबाट अति विपन्न र विकासमा पहुँच नभएका परिवारलाई उनीहरूको क्षमता बढाउँदै विकास प्रक्रियामा मूलप्रवाहीकरण गर्ने ।

४. कार्यविधिको कार्यक्षेत्र : गाउँपालिकालाई प्राप्त हुने निःशर्त अनुदान, सशर्त अनुदान, वा आयोजनागत बजेट, विकास साझेदार, अन्य तहबाट प्राप्त हुने सबै प्रकारका अनुदान, गाउँपालिकाको आन्तरिक आय, स्थानीय विकास शुल्क, राजस्व बाँडफाँडबाट प्राप्त रकम, वित्तीय संस्थाहरूबाट प्राप्त ऋण लगायत गाउँपालिकालाई जिल्ला समन्वय समितिबाट तथा प्रदेश सरकारबाट प्राप्त हुने अनुदान र गाउँपालिकामा प्राप्त हुने सबै प्रकारका स्रोतको परिचालन एवम् व्यवस्थापन गर्नु यस कार्यविधिको कार्यक्षेत्र हुनेछ । तर, मन्त्रालय, विषयगत तह, विकास साझेदार, राष्ट्रिय-अन्तर्राष्ट्रिय गैरसरकारी संस्था वा विकास समिति आदिसँग विशेष उद्देश्य हासिल गर्नको लागि सम्बन्धित तहसँग भएको सम्झौता बमोजिम कार्यक्रम वा आयोजना तथा बजेट कार्यान्वयन गर्न गराउन यस कार्यविधिले बाधा पुऱ्याएको मानिने छैन । त्यस्ता कार्यक्रम वा आयोजनाको हकमा योजना तर्जुमा, छनौट, सञ्चालन, व्यवस्थापन, अनुगमन, मूल्याङ्कन, प्रतिवेदन, कोष व्यवस्थापन, लेखापरीक्षण, उत्तरदायित्व, पारदर्शिता र वित्तीय सुशासन जोखिम न्यूनीकरण लगायतका सबै व्यवस्थाहरू यसै कार्यविधि बमोजिम हुनेछ ।

## परिच्छेद-२

## अनुदानको किसिम र रकम विनियोजनका क्षेत्रहरु

५. अनुदानका किसिम :-गाउँपालिकामा निम्न प्रकारका अनुदान उपलब्ध हुनेछन् :-

(१) वित्तिय समानिकरण अनुदानःगाउँपालिकालाई संघिय सरकार तथा प्रदेश सरकारबाट प्राप्त हुने निशर्त अनुदान ।

(२) ससर्त अनुदान :-गाउँपालिकालाई संघिय तथा प्रदेश सरकार अर्न्तगतका विषयगत मन्त्रालयहरुबाट प्राप्त हुने सशर्त अनुदान ।

(३) अन्य अनुदान : क) समपुरक अनुदान ख) विषेश अनुदान (ग) कार्यक्रम वा आयोजनागत सशर्त अनुदान/बजेट, (ग) गैरसरकारी संस्था, तथा विकास साझेदार संस्थाहरूबाट सम्झौता गरी स्थानीयस्तरमा प्राप्त हुने अनुदान/बजेट, (घ) वित्तीय संस्था/कोषबाट प्राप्त ऋण,

(ङ) प्राविधिक सहयोग, (च) वस्तुगत सहयोग (छ) गाउँपालिकालाई प्राप्त हुने अन्य अनुदान ।

(४)खर्चका प्रकार :-

(क) चालु खर्च : चालू खर्च भन्नाले गाउँसभाबाट बजेट विनियोजन र बाँडफाँड गर्दा कर्मचारीहरूको तलब, भत्ता सुविधा र पदाधिकारीहरूको कानून बमोजिम तोकिएको पारिश्रमिक तथा सुविधा तथा कार्यालय सम्बन्धी खर्च गर्न छुट्याइएको खर्च सम्झनु पर्छ ।

(ख) पुँजिगत खर्च :-चालु खर्च बाहेकको (सर्शत र समानिकरण) खर्च सम्झनु पर्छ ।

(५) पूँजिगत खर्च : गाउँपालिकाको कोषको कुल पूँजिगत रकमबाट क्रमशः देहायका क्षेत्रमा विनियोजन गरी लगानी गर्नु पर्नेछ ।

(क) समपुरक कोष :-गाउँपालिकाको गाउँसभाबाट आयोजनागत विवरण सहितको स्वीकृत रकम,

(ख)लक्षित समूह विकास कार्यक्रमः गाउँपालिकाको कुल पूँजिगत रकमबाट खण्ड (क) बमोजिमको रकम कटाई बाँकी रकमबाट कार्यविधिको दफा १० बमोजिम विनियोजन भएको कार्यक्रम ।

(ग) आर्थिक, सामाजिक एवम् भौतिक पूर्वाधार विकास कार्यक्रमः गाउँपालिकाको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ बुँदा नं. ३.२ अर्न्तगतका आयोजना तथा कार्यक्रमहरु

**(६) समपूरक कोषसम्बन्धी व्यवस्था :**

(१) गाउँपालिकाको आफ्नो कार्यक्षेत्रको विकाससँग सम्बन्धित सरकारी, गैर सरकारी, निजीक्षेत्र, विकास साझेदार संस्थासँग भएको सम्झौता बमोजिम साझेदारी वा लागत सहभागिता गर्न सम्बन्धित गाउँपालिकाले आयोजनागत रूपमा विवरण तयार गरी कार्यविधिको दफा ८ को खण्ड (क) बमोजिम

समपूरक कोष (म्याचिङ फण्ड तथा आकाश्मीक योजना) मा आवश्यक रकम छुट्याउनु पर्नेछ । तर वार्षिक बजेट तथा कार्यक्रम स्वीकृत भईसकेपछि प्राप्त हुने प्रस्तावित आयोजनामा समपूरक कोषबाट रकम लगानी गर्न बाध्य हुनेछैन ।

(२) साझेदारीमा सञ्चालन गरिने कार्यक्रम वा आयोजनाहरू योजना तर्जुमा प्रक्रियाको प्रारम्भिक चरणदेखि सहभागितामूलक प्रक्रियाबाट गाउँपालिकाको योजनामा समावेश भएको हुनुपर्नेछ ।

**(७) लक्षित समूह विकास कार्यक्रम :**

(१) कार्यविधिको दफा ८ को खण्ड (ख) बमोजिम छुट्याइएको कुल रकमबाट लक्षित समूहलाई प्रत्यक्ष फाइदा पुग्ने कार्यक्रम वा आयोजनाहरूमा लगानी गर्न देहाय बमोजिम बजेट विनियोजन गर्न सक्नेछ :–

(क) सबै जातजातिका विपन्न वर्गका महिलाहरूको सशक्तिकरण, रोजगारीमूलक र आयमूलक कार्यमा प्रत्यक्ष फाईदा पुग्ने कार्यक्रम वा आयोजना ।

(ख) सबै जातजातिका विपन्न वर्गका बालबालिकाहरूलाई प्रत्यक्ष फाईदा पुग्ने कार्यक्रम वा आयोजना

(ग) सबै जातजातिका आर्थिक रूपमा विपन्न तथा आर्थिक एवम् सामाजिक रूपमा पछाडि परेका र पारिएका वर्ग (ज्येष्ठ नागरिक, दलित, आदिवासी जनजाति, अपाङ्गता भएका व्यक्तिहरू,एकल महिला, मधेसी, मुश्लिम, विपन्नवर्ग तथा पिछडावर्ग लगायत) एवम् क्षेत्र तथा नेपाल सरकारले राजपत्रमा सूचना प्रकाशित गरी लक्षित समूह भनी तोकिएका वर्ग एवम् गाँउपालिकाले तोकियका अन्य लक्षित समुदायले प्रत्यक्ष फाइदा पाउने कार्यक्रम वा आयोजना ।

(२) उपदफा (१) बमोजिम विनियोजन भएको रकमबाट सहभागितामूलक योजना तर्जुमा प्रक्रिया अन्तर्गत छनौट भई आएका कार्यक्रम वा आयोजनामा लगानी गर्नुपर्नेछ ।

(३) उपदफा (१) को खण्ड (ग) बमोजिमको रकम वन्चितिकरण र पछाडि परेका सबै समुदाय एवम् वर्गले फाइदा पाउने गरी न्यायोचित तवरबाट बाँडफाँड गर्नुपर्नेछ ।

(४) लक्षित समूहमा लगानी गर्दा नेपालमा रहेका सूचिकृत जातजातिलोपोन्मुख, अति सीमान्तकृत तथा सबै जातजातिका अति विपन्न परिवारहरूलाई लक्षित गरी कार्यक्रम सञ्चालन गर्न प्राथमिकता दिनु पर्नेछ । यसरी लगानी गर्दा गरिबी नक्शाङ्कन, विपन्न वर्गको नक्शाङ्कन, आधारभूत सर्वेक्षणलाई आधार लिन सकिनेछ ।

(५) लक्षित समूहमा जाने कार्यक्रम वा आयोजनाबाट कम्तीमा साठि प्रतिशत सोही समूहका लाभान्वित वर्गले प्रत्यक्ष फाइदा पाउने हुनुपर्नेछ ।

(६) लक्षित समूहको कार्यक्रम संचालन गर्दासबै क्षेत्रलाई समेट्ने गरी सम्वन्धित लक्षित समूहको मागको आधारमा लक्षित समूहको आयआर्जन, सेवा प्रवाहमा गुणस्तरीय सुधार तथा क्षमता विकास भएको मापन गर्न सकिने ठोस कार्यक्रम वा आयोजनामा मात्र रकम विनियोजन एवम् खर्च गर्नुपर्नेछ ।

(८) कार्यक्रम संचालन गर्दा कार्यविधिमा उल्लिखित आयोजना कार्यान्वयन र उपभोक्ता समिति लगायतका प्रचलित कानून र कार्यविधिले तोकेका प्रावधानहरू पालना गर्नुपर्नेछ ।

(९) लक्षित क्षेत्रमा गरिएको लगानी योजना तथा कार्यक्रम प्राथमिकिकरणको आधारमा गर्नु पर्नेछ ।

**(८) खर्च गर्न निषेध गरिएका विषयहरू :** (१) गाउँपालिकाको कोषको पूँजिगत रकमबाट देहायको क्षेत्र वा विषयमा खर्च गर्न तथा कार्यहरू गर्न पाईने छैन :–

(क) कुनै पनि प्रकारको तलब भत्ता, बैठक भत्ता, दैनिक तथा भ्रमण भत्ता र कर्मचारी एवम् राजनैतिक पदाधिकारी वा व्यक्तिको पारिश्रमिक तथा कर्मचारी सेवा निवृत्त हुँदा दिईने सुविधासम्बन्धी खर्चहरू,

(ख) सवारी साधन मर्मत सम्भार र इन्धन खर्च ।

(ग) पूँजिगत तर्फको रकम सापटी लिई वा रकमान्तर गरी चालू शीर्षकमा वा चालू प्रकृतिको कार्यमा खर्च गर्न,

(घ) घरभाडा, बिजुली, टेलिफोन, पानीको महशुल लगायत कार्यालय सञ्चालनसम्बन्धी खर्चजस्ता चालू प्रकृतिका सबै खर्चहरू,

(ङ) बिमा, ऋण कारोवार, शेयर लगानी वा बैकमा मुद्दती वा बचत खातामा रकम जम्मा गर्न,

तर उत्पादनमूलक कार्यक्रममा गरिने लगानीलाई गाउँपालिकाको शेयरको रूपमा लगानी गर्न बाधा परेको मानिने छैन ।

(च) राजनैतिक दल तथा तिनका भातृ वा भगिनी सङ्गठन, संघसंस्था वा व्यक्ती आदिलाई कुनै पनि किसिमको आर्थिक सहायता चन्दा, पुरस्कार प्रदान गर्न वा संस्थागत वा कार्यक्रमिक सहयोग उपलब्ध गराउन,

(छ) दामासाही वा भागबण्डाको हिसावले रकम बाँडफाँड गर्न,

(ज) गाउँपालिकाको गाउँसभाबाट आयोजनागत रूपमा बजेट बाँडफाँड नगरी अबण्डाको रूपमा एकमुष्ट रकम राख्न,

(झ) गाँउकार्यपालिका र गाउँपालिकाको गाउँसभाबाट निर्णय नभएका कार्यक्रम वा आयोजनामा खर्च गर्न,

(ञ) यस कार्यविधि बमोजिम कार्यक्रम स्वीकृत नभई विगत वर्षमा वा यसै आर्थिक वर्षमा पनि सम्झौता हुनुपूर्व कार्य सम्पन्न गरिएको भनी भुक्तानी माग गरिएको कार्यक्रम वा आयोजनामा भुक्तानी दिन पाइने छैन ।

(२) गाउँपालिकामा निर्वाचित जनप्रतिनिधिले गाउँपालिकाको गाउँ कार्यपालिकाबाट निर्णय नगराई चालू तथा पूँजिगत रकमबाट कुनै पनि प्रकारको आर्थिक सहायता चन्दा, पुरस्कार एवम् संस्थागत अनुदान सहयोग वितरण गर्न पाउने छैन ।

**(९) आयोजना व्यवस्थापन सेवा (कन्टेन्जेन्सी) खर्चसम्बन्धी व्यवस्था :**

(१) गाउँपालिकाबाट सञ्चालन गरिने कार्यक्रम वा आयोजनालाई कार्यकुशलता, प्रभावकारिता तथा मितव्ययिताको सिद्धान्त अनुसार संचालनमा सहयोग पुऱ्याउन पूँजिगत लगानीको आयोजना तथा कार्यक्रमगतरकमबाट गाउँपालिकाले तिन प्रतिशत रकम छुट्याई खर्च गर्न सकिनेछ । यस्तो खर्चको हिसाब प्रचालित आर्थिक ऐन, नियम बमोजिमको ढाँचामा राख्नुपर्नेछ । तर, कन्टिन्जेन्सी रकम खर्च गर्दा कुल पूँजिगत खर्चको अनुपातमा मात्र खर्च गर्न पाईने छ ।

(२) उपदफा (१) बमोजिम छुट्याएको रकमको खर्च सम्बन्धी कार्ययोजना गाउँपालिकाको बैठकबाट स्वीकृत गराई स्वीकृत शीर्षकको अधीनमा रही देहायका क्रियाकलापहरूमा मात्र खर्च गर्नुपर्नेछ :-

(क) आयोजना सर्वेक्षण वा सम्भाव्यता अध्ययन, डिजाइन, ड्रइङ लागत अनुमान तथा वातावरणीय, सामाजिक र प्राविधिक अध्ययनसम्बन्धी खर्च,

(ख) समावेशी र सहभागितामूलक योजना तर्जुमा, कार्यान्वयन र सुपरिवेक्षणसम्बन्धी खर्च,

(ग) आयोजना अभिलेख व्यवस्थापन, योजना खाता र रजिष्टरसम्बन्धी खर्च,

(घ) कार्यक्रम वा आयोजनाको सुपरिवेक्षण, अनुगमन, मूल्याङ्कन, जाँचपास तथा प्रतिवेदनसम्बन्धी,

(ङ) सामाजिक परीक्षण, सार्वजनिक सुनुवाई, गुनासो व्यवस्थापन तथा कार्यविधिमा उल्लिखित पारदर्शिता र उत्तरदायित्व कायम गर्ने गराउने विषय,

(च) उपभोक्ता समिति गठन, अभिमुखीकरण र उपभोक्ता समितिको प्रशासनिक तथा प्राविधिक सेवा खर्च,

(छ) आयोजना व्यवस्थापनका लागि चाहिने अत्यावश्यक प्राविधिक उपकरणहरू,

(ज) गुणस्तर परीक्षणका लागि प्रयोगशाला स्थापना गर्न आवश्यक खर्च,

(झ) आयोजनासँग सम्बन्धित सामाजिक परिचालन कार्य ।

(ञ) गाउँकार्यपालिकाले औचित्य पुष्टि हुने गरी आवश्यक ठहरायका अन्य कार्यहरु ।

(३) उपदफा (१) बमोजिम कन्टेन्जेन्सी छुट्टयाएपछि आयोजना वा कार्यक्रमगत रूपमा लागत अनुमान तयार गर्दा कन्टेन्जेन्सी, ओभरहेड तथा मु.अ.कर रकम समावेश हुनेछ ।

## परिच्छेद-३

## योजना तर्जुमा एवम् आयोजना छनौट

**(१०) बजेट तथा कार्यक्रम तर्जुमा समिति :**

(१) गाउँपालिकाबाट सञ्चालन गरिने कार्यक्रम वा आयोजनाका प्रस्तावहरू छनौट गरी गाउँकार्यपालिका समक्ष सिफारिश गर्ने प्रयोजनका लागि देहाय बमोजिमको बजेट तथा कार्यक्रम तर्जुमा समिति रहनेछ :-

(क) गाउँपालिकाको उपाध्यक्ष - संयोजक

(ख) विषयगत क्षेत्र हेर्ने गाउँकार्यपालिकासदस्यहरु – सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत – सदस्य

(घ) योजना शाखा प्रमुख – सदस्य सचिव

**(११). बजेट तथा कार्यक्रम तर्जुमा समितिको काम, कर्तव्य र अधिकार :–**

(१) कार्यविधिको दफा १० वंमोजिम गठित वजेट तथा कार्यक्रम तर्जुमा समितिको काम कर्तव्य र अधिकार देहाय वंमोजिम हुने छ

(क) आगामि आर्थिक बर्षको निति तथा कार्फक्रमको प्रस्ताव तयार गर्ने,

(ख) स्रोत अनुमान तथा बजेट सिमा निर्धारण समितिले दिएको बजेट सिमा भित्र रहि बजेट तथा कार्यक्मको प्राथमिकिरण गर्ने,

(ग) बजेट तथा कार्यक्रमको प्रस्तावलाई विषय क्षेत्रगत रुपमा छलफल गर्ने व्यवस्था मिलाई अन्तिम प्रस्ताव तयार गरी गाउँकार्यपालिकामा पेश गर्ने ।

(घ) योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिने व्यवस्था मिलाउने तथा योजना कार्यक्रमवीच आवश्यक तादम्यता तथा परिपुरकता कायम गर्ने

(ङ) वजेट तथा कार्यक्रम तर्जमुमा सम्वन्धि स्थानीय तहको आवश्यकता वंमोजिम अन्य कार्यहरु गर्ने ।

(२) समितिको बैठक सम्बन्धिकार्यविधि समितिले आफै निर्धारण गरे बमोजिम हुनेछ ।

**(१२)स्रोत अनुमान तथा बजेट सिमा निर्धारण समिति देहाय बमोजिम हुनेछ :**

(१) गाउँपालिकामा प्राप्त हुने आन्तरिक आय राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम अनुदान, ऋण र अन्य आयको प्रक्षेपण र सोको सन्तुलित वितरणको खाका तथा बजेट सिमा निर्धारण गर्न देहाय बमोजिमको स्रोत अनुमान तथा बजेट सिमा निर्धारण समिति रहनेछ ।

क) अध्यक्ष – संयोजक

ख) उपाध्यक्ष – सदस्य

ग) कार्यपालिका सदस्यहरुमध्ये महिला, दलित वा अल्पसंख्यक समेतको प्रतिनिधित्व हुने गरि अध्यक्षले तोकेको ४ जना सदस्य – सदस्य

घ) प्रमुख प्रशासकीय अधिकृत – सदस्य सचिव

(२) उपदफा १ को खण्ड (ग) बमोजिम सदस्य तोक्दा अध्यक्षले आफु सम्बन्द्ध राजनितिक दल बाहेको सदस्य समेतलाई तोक्नु पर्नेछ । तर कार्यपालिकामा अन्य राजनितिक दलको प्रतिनिधित्व नभएको अवस्थामा यो उपदफाको व्यवस्था लागु हुने छैन ।

(३) उपदफा १ बमोजिमको समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने आय, नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त हुने वित्तिय हस्तान्तरण, आन्तरिक ऋण तथा अन्य आयको प्रक्षेपण गर्ने,

(ख) राष्ट्रिय तथा प्रादेशिक प्राथमिकता र स्थानीय आवश्यकतालाई मध्य नजर गरी प्रक्षेपित श्रोत र साधनको सन्तुलित वितरणको खाका तयार गर्ने,

(ग) आगामि आर्थिक बर्षको लागि श्रोत अनुमानको आधारमा बजेटको कुल सिमा निर्धारण गर्ने,

(घ) विषयगत क्षेत्रगत बजेटको सिमा निर्धारण गर्ने,

(ङ) नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त मार्ग दर्शन, स्थानीय आर्थिक अवस्था, आन्तरिक आयको अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकताको आधार तय गर्ने,

(च) विषय क्षेत्रगत बजेट तर्जुमा सम्बन्धित मार्गदर्शन तय गर्ने,

(छ) स्रोत अनुमान तथा बजेट सिमा निर्धारण सम्बन्धमा गाउँपालिकाको आबश्यकता र निर्णय बमोजिमको अन्य कार्यक्रम गर्ने ।

(४) उपदफा (१) बमोजिमको समितिको बैठकमा आवश्यकता अनुसार सम्बन्धित कर्मचारी र विषय विज्ञलाई आमन्त्रण गर्न सकिनेछ ।

(५) उपदफा (१) बमोजिमको समितिको बैठक सम्बन्धि कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

(६) उपदफा (१) बमोजिम समितिले आफ्नो कार्य प्रत्येक बर्षको फागुन महिना भित्र सम्पन्न गरिसक्नु पर्नेछ र बजेट प्रक्षेपण गर्दा आगामि आर्थिक बर्षपछिको थप दुई बर्षको समेत गर्नु पर्नेछ ।

(७) उपदफा (१) बमोजिम  तयार भएको आगामी आर्थिक बर्षको बजेट सिमा प्रत्येक बर्षको चैत्र पन्ध्र गते भित्र प्रमुख प्रशासकीय अधिकृतले गाउँपालिकाका विषयगत महाशाखा, शाखा तथा वडा समितिलाई उपलब्ध गराउनु पर्नेछ ।

(८) उपदफा (७) बमोजिम प्राप्त बजेटको सिमाभित्र रही बिषयगत महाशाखा, शाखा तथा वडा समितिले गाउँपालिका योजना, आयोजना कार्यक्रम र अनुमानित बजेट तर्जुमा गरी कार्यपालिकामा पेश गर्नु पर्नेछ ।

**(१३) योजना/आयोजन तर्जुमा तथा प्राथमिकिकरणः**

(१) योजना/आयोजना तर्जुमाका आधारहरु :

- नेपालको संविधानको अनुसूची ८ र ९ मा उल्लेखित गाउँपालिकाको एकल तथा साझा अधिकारीको सूची,
- नेपालको संविधानमा उल्लेखित मौलिक हकहरु,
- नेपालको संविधान भाग ४ अर्न्तगतका राज्यका आर्थिक, सामाजिक विकास, प्राकृतिक श्रोतको उपयोग, बातावरण संरक्षण सम्बन्धि नीतिहरु, धारा ५९ को आर्थिक अधिकार, भाग १९ को आर्थिक अधिकार, भाग १९ को आर्थिक कार्य प्रणाली,
- नेपाल सरकारबाट स्वीकृत संघ, प्रदेश र गाउँपालिकाको कार्य विस्तृतिकरणको प्रतिवेदन,
- संघिय तथ प्रदेश सरँकारले अंघिकार गरको आवधिक योजनाले लिएको नीति तथा प्राथमिकताहरु,
- संघिय सरकारले अवलम्बन गरेका आर्थिक तथा वित्तीय नीतिहरु,
- गाउँपालिकाको आवधिक योजनाले तय गरेका प्राथमिकताहरु,
- नेपालले अन्तराष्ट्रिय जगतमा जनाएका प्रतिवद्धताहरु,
- स्थानीय शासन सन्चालन ऐन २०७४ र नियमावलीका प्रावधानहरु,
- गाउँपालिकाका आवधिक योजनाहरु, क्षेत्रगत नीति, रणनीति, योजना तथा अध्ययन प्रतिवेदनहरु,
- विकासका समसायिक मुद्दाहरु जस्तै सामाजिक संरक्षण, दिगो विकास, जलवायू परिवर्तन र विपत व्यवस्थापन, खाद्य तथा पोषण सुरक्षा, लैंगिक सशक्तिकरण तथा समावेशी विकास, वाल मैत्रि स्थानीय शासन, वातावरण मैत्री स्थानीय शासन, खुल्ला दिशामुक्त तथा पूर्ण सरसफाई, उर्जा संकट लगाएतका अन्तर सम्बन्धित विषयहरु,
- गाउँपालिकाको मध्यकालिन खर्च संरचना (MTEF)अनुरुप प्राथमिकतामा परेका कार्यक्रमहरु,
- गाउँपालिकाले आवश्यक देखेका अन्य विषयहरु ।

**१९.२. आयोजना/कार्यक्रम प्राथमिकिकरणका आधारहरु :**

- आर्थिक विकास र गरिवी निवारणमा प्रत्यक्ष योगदान पुऱ्याउने,
- उत्पादनमूलक र छिटो प्रतिफल दिने
- राजश्व परिचालनमा योगदान पुऱ्याउने,
- सेवा प्रवाह, सस्थागत विकास र सुशासनमा योगदान पुऱ्याउने,
- स्थानीय स्रोत साधमा आधारित भई जनसहभागिता अभिवृद्धि गर्ने,
- लैंगिक समानता, सामाजिक समावेशीकरणको अभिवृद्धि गर्ने,
- दिगो  विकास, वातावरण संरक्षण र विपद व्यवस्थापनमा योगदान पुऱ्याउने,

- समुदायलाई विपद तथा जलवायू परिवर्तन उत्थानशिल (Resilience) बनाउने,
- स्थान विशेषको संस्कृति र पहिचान प्रवर्द्धन गर्ने,
- गाउँपालिकाले आवश्यक देखेका अन्य विषयहरु ।
- समान प्रकृतिका आयोजनाहरूमध्ये बढी जनसहभागिता एवम् लागत सहभागिता जुटाउन सकिने आयोजनाहरू, र
- व्यक्तिगत घटना दर्ताबाट प्राप्त, पार्श्वचित्र, जनसांख्यिकीय स्थितिलाई आधार मानी शिक्षा, स्वास्थ्य, पोषणसँग सम्बन्धित आयोजनाहरू ।

(२) उपदफा (१) बमोजिमको आधारमा कार्यक्रम वा आयोजनाहरू छनौट गर्दा गरिबी नक्शाङ्कन वा विपन्नता नक्शाङ्कन आदि समेतको आधारमा तुलनात्मक रूपमा अति गरिब, विपन्न तथा वञ्चितीकरणमा परेका वर्गहरूको पकेट क्षेत्रलाई लक्षित गरी कार्यक्रम सञ्चालन गर्नुपर्नेछ ।

**(१४) योजना/ कार्यक्रम तर्जुमाका चरणहरु :**

(१) संघ तथ प्रदेशबाट वित्तीय मार्गदर्शनको खाका प्राप्त गर्ने,

(२) स्रोत अनुमान तथा बजेट निर्धारण समितिद्धारा निर्धारण गरिएको आयको प्रक्षेपण र वितरणको खाका तय गर्ने,

(३) बस्ती तथा टोल स्तर योजना छनौट गर्ने,

(४) वडास्तरीय योजना प्राथमिकिकण गर्ने,

(५) एकिकृत बजेट तथा कार्यक्रम तर्जुमा गर्ने,

(६) गाउँ कार्यपालिकाबाट बजेट तथा कार्यक्रम स्वीकृत गरी गाउँसभमा पेश गर्ने,

(७) गाउँसभाको बैठकबाट बजेट तथा कार्यक्रम स्वीकृत गर्ने,

दस्ट्रव्य : गाउँपालिकाको योजना तर्जुमा तथा कार्यन्वयन प्रक्रिया ऐनको दफा २४ बमोजिम हुनेछ ।

**(१५)साझेदारी वा संयुक्त व्यवस्थापन गर्न सक्ने :**

गाउँपालिकाले आफ्नो कार्य सञ्चालन गर्दा लागत न्यूनीकरण, स्रोत साधनको अधिकतम् उपयोग तथा प्रभावकारी सेवा प्रवाहको लागि ऐनको दफा २६ बमोजिमका विषयमा अन्य गाउँपालिका वा नगरपालिका, सरकारी निकाय, संघसस्था तथा समुह संग साझेदारी सम्झौता वा संयुक्त व्यवस्थापन गर्नेछ ।

**(१६) समन्यवयमा कार्य गर्नु पर्ने :**

गैर सरकारी संघ सस्था, उपभोक्ता समिति, सहकारी संस्था लगाएतका सामूदायीक सामाजिक संघ सस्थाले समन्वयमा रही कार्य गर्नु पर्नेछ । अन्तराष्ट्रिय गैरसरकारी संघसस्थाको हकमा गाउँपालिकासँग समन्वय गर्दा नेपाल सरकारको पूर्व स्वीकृती लिनु पर्नेछ । समन्वयका लागि ऐनको दफा २५ को उपदफा २ बमोजिम गर्नु पर्नेछ ।

**(१७) सम्भाव्यता अध्ययन :**

(१) गाउँपालिकाले एक करोड भन्दा बढी लागतका भौतिक पूर्वाधारका आयोजनाहरूको गाउँपालिकाको गाउँसभावाट स्वीकृत हुनु अगाडि नै सम्भाव्यता अध्ययन गराउनु पर्नेछ ।

(२) संभाव्यता अध्ययन गर्दा सामाजिक, आर्थिक, वातावरणीय एवम् प्राविधिक पक्षका साथै लागत अनुमान, नक्सा, डिजाईन, स्पेशिफिकेशन आयोजनाको दीगोपनासम्बन्धी न्यूनतम विषयहरू प्रतिवेदनमा समावेश गर्नुपर्नेछ ।

## परिच्छेद-४

## कार्यक्रम वा आयोजना सञ्चालन एवम् ब्यवस्थापन

**(१८) कार्यक्रम वा आयोजना कार्यान्वयन प्रक्रिया :**

(१) गाउँसभाले स्वीकृत कार्यक्रम (सर्शत र समानिकरण) वा आयोजना कार्यान्वयन प्रक्रिया ऐनको दफा २४ बमोजिम हुनेछ ।

(क) कार्यक्रम (सर्शत र समानिकरण) वा आयोजना कार्यान्वयन गर्दा प्रचलित आर्थिक ऐन, नियमहरु,

सार्वजनिक खरिद ऐन, बढैयाताल गाउँपालिकाको आर्थिक कार्यविधि नियमित तथा व्यवस्थीत गर्न बनेको कानुन २०७४ र खर्च गर्ने अख्तियारीमा उल्लिखित मार्गदर्शन तथा शर्तहरू समेतको पालना गरी खर्च गर्नुपर्नेछ ।

(ख) सार्वजनिक खरिद ऐन, बमोजिम वार्षिक खरिद योजना बनाई कार्यान्वयनमा ल्याएको हुनुपर्नेछ ।

(ग) कार्यक्रम(सर्शत र समानिकरण) वा आयोजना सञ्चालन गर्दा सामाजिक परिचालनका पक्षलाई समेत विशेष ध्यान दिई सामाजिक परिचालक, विकास साझेदारहरू, विषयगत शाखालाई संलग्न गराउने र यस्ता अभियानमा सामुदायिक संस्था तथा गैर सरकारी संस्थाहरूको समेत सहयोग लिन सकिनेछ ।

(घ) गाउँपालिकाबाट कार्यक्रम(सर्शत र समानिकरण) वा आयोजना स्वीकृत भएपछि उपभोक्ता समिति मार्फत सञ्चालन गरिने कार्यक्रम वा आयोजनाको हकमा बढीमा पन्ध्र दिन पछि उपभोक्ता समिति गठन गरी सम्झौताका लागि सम्पर्क राख्न सम्बन्धित लाभग्राही समूहलाई जानकारी दिनुपर्नेछ । साथै यस कार्यविधिको दफा २० को उपदफा (२) को (क) बमोजिम प्रतिवेदन प्राप्त भएपछि मात्र कार्यान्वयन सम्बन्धी सम्झौता गर्न सकिनेछ तर चालु आ.ब.को जेष्ठ मसान्त पछि योजना सम्झौता गरिने छैन ।

(ङ) वार्षिक कार्ययोजना तथा खरिद योजना अनुसार समयमै कार्यक्रम वा आयोजना कार्यान्वयनका लागि आर्थिक वर्षको पहिलो चौमासिक भित्रै लागत अनुमान, डिजाईन तयार गरी विनियोजित बजेटको अधीनमा रही ठेक्कापट्टा मार्फत कार्य गराउनु पर्ने भएमा बोलपत्र सम्बन्धी सम्पूर्ण प्रक्रियाहरू पूरा गरिसक्नु पर्नेछ ।

(च) कार्यक्रम(सर्शत र समानिकरण) वा आयोजना सञ्चालन गर्दा कामको आधारमा भुक्तानी दिने प्रणाली अवलम्बन गर्ने तर स्वीकृत खरिद योजना बमोजिम आयोजना सञ्चालनको लागि पेश्की दिन बाधा पर्ने छैन ।

(छ) कार्यक्रम(सर्शत र समानिकरण) वा आयोजना सञ्चालन गर्दा सम्भव भए सम्म वातावरण संरक्षण ऐन, वातावरण संरक्षण नियमावली र सामाजिक तथा वातावरणीय सुरक्षाको रूपरेखा, २०६५ बमोजिम प्रारम्भिक वातावरणीय परीक्षण (आई.इ.इ) वा वातावरणीय प्रभाव मूल्याङ्कन (ई.आई.ए) गरेर सञ्चालन गर्नु पर्नेछ ।

(ज) कार्यक्रम(सर्शत र समानिकरण) वा आयोजना कार्यान्वयन गर्दा गैरसरकारी संस्थाबाट सञ्चालन, रेखदेख र मर्मत सम्भार गर्ने कार्यका लागि प्रोत्साहन गर्नुपर्नेछ । साथै विषयगत शाखा र सामुदायिक संस्थाबाट समेत कार्यक्रम वा आयोजना कार्यान्वयन गर्न प्राथमिकता दिनु पर्नेछ ।

(झ) कार्यक्रम(सर्शत र समानिकरण) वा आयोजना कार्यान्वयन गर्ने उपभोक्ता समिति वा अन्य निकायले गाउँपालिकाबाट प्राप्त गर्ने रकम बैङ्किङ सुविधा भएको स्थानमा बैंङ्कमा खाता खोली सञ्चालन गर्नु पर्नेछ । बैङ्किङ सुविधा प्राप्त नभएको स्थानमा राष्ट्रबैंङ्कबाट इजाजत प्राप्त अन्य वित्तीय संस्थामा खाता खोली सञ्चालन गर्न सकिनेछ ।

(ञ) आयोजनाको लागत अनुमान अनुसारका खरिद गर्नुपर्ने निर्माण सामग्रीहरू स्वीकृत खरिद योजना बमोजिम तोकिएको समयभित्रै उपभोक्ता समिति वा आयोजना कार्यान्वयन गर्ने निकाय आफैंले वा यस्ता निकायहरूको अनुरोधमा गाउँपालिकाले ले खरिद व्यवस्था गर्न सक्नेछ ।

(ट) प्रचलित कानून बमोजिम आयोजनाको हिसाव किताव राख्ने जिम्मेवारी कार्यक्रम वा आयोजना कार्यान्वयन गर्ने निकायको हुनेछ । यस्तो हिसाव किताव राख्ने सम्वन्धमा सम्बन्धित वडासचिवले आवश्यक सहयोग उपलब्ध गराउनु पर्नेछ ।

(ठ)गाउँपालिकाबाट सञ्चालित कार्यक्रम(सर्शत र समानिकरण) र आयोजनाको विवरण राख्ने, नगदी जिन्सीको लेखा दुरूस्त राख्ने, आन्तरिक तथा अन्तिम लेखा परीक्षण गराउने, नियमित रूपमा भौतिक एवम् वित्तीय प्रगति प्रतिवेदन सम्बन्धित निकायमा पठाउने जिम्मेवारी गाउँपालिकाको लेखाप्रमुखको हुनेछ ।

(ड)कार्यक्रम (सर्शत र समानिकरण) वा आयोजना कार्यान्वयन गर्ने निकायले सम्झौता अनुसार निर्धारित समयमा कार्यक्रम वा आयोजना सम्पन्न गर्नुपर्नेछ ।

(ढ) जानीजानी वा लापरबाहीको कारणबाट तोकिएको समयमा कार्य सम्पन्न नगर्ने उपभोक्ता समिति, संस्था, निकाय वा व्यक्ति आदिसँग गाउँपालिकाले सम्झौता भंग गरी हर्जाना समेत लिई वैकल्पिक व्यवस्था गर्न सक्नेछ ।

(ण) गाउँपालिकाबाट सञ्चालित सबै आयोजनाको आयोजनास्थलमै सार्वजनिक परीक्षण गर्नुपर्नेछ ।

(त) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि एक करोड रूपैयाँसम्म लागत अनुमान भएका कार्यक्रम वा आयोजना उपभोक्ता समिति मार्फत् कार्यान्वयन गराउन प्राथमिकता दिनुपर्नेछ ।

(२) आयोजना कार्यान्वयन गर्दा कार्यान्वयन तालिका गाउँपालिकाबाट तोकीएको ढाँचामा सम्झौता गर्नुपर्नेछ । सम्झौतामा उपभोक्ता समितिले पालना गर्नुपर्ने आचारसंहिता लगायतका कुराहरू गाउँपालिकाले तोके बमोजिम गर्नुपर्नेछ ।

**(१९) आयोजनाको लागत अनुमानसम्बन्धी व्यवस्थाः**

(१) गाउँपालिकाले आयोजनाहरूको लागत अनुमान, नक्शा र डिजाईन गाउँपालिकाको सम्बद्ध प्राविधिक कर्मचारी वा उक्त प्रयोजनका लागि खटिएका इन्जिनियर, सव ईन्जिनियर र असिष्टेन्ट सव इन्जिनियर वा विषय सम्बद्ध प्राविधिकबाट गराउनु पर्नेछ ।

(२) आयोजनाहरूको लागत अनुमान (डिजाइन, इष्टिमेट) तयार गर्दा गाँउपालिका दररेटको आधारमा निर्माण सामग्रीको विवरण समेत खुलाई सर्वसाधारणले बुझ्नेगरी नेपाली भाषामा तयार गर्नुपर्नेछ । तर प्राविधिक दृष्टिकोणले प्राविधिक शब्दावलीहरू नेपाली भाषामा अनुवाद गर्न सम्भव नभएमा विस्तृत लागत अनुमान अंग्रेजीमा तयार गरी लागत तेरिज (अब्स्ट्राक्ट अफ कस्ट) सर्वसाधारणले बुझ्ने गरी नेपाली भाषामा तयार गर्नुपर्नेछ । गाँउपालिकाको दररेट कायम नभए सम्म जिल्ला दररेट नै मान्य हुने छ ।

(३) लागत अनुमान तयार गर्दा श्रममूलक तवरबाट काम हुनसक्ने कार्यलाई सोही बमोजिम लागत अनुमान तयार गर्नुपर्नेछ । प्राविधिक दृष्टिकोणबाट श्रममूलक तवरबाट काम हुन नसकी मेसिनरी उपकरणको प्रयोग गर्नुपर्ने भनी सम्बन्धित प्राविधिकबाट सिफारिश प्राप्त भएमा सोही अनुसार स्वीकृत नर्म्स बमोजिम लागत अनुमान तयार गर्नुपर्नेछ ।

(४) लागत अनुमानको परीक्षण र स्वीकृति प्रचलित कानून बमोजिम गर्नुपर्नेछ ।

**(२०) उपभोक्ता समिति सम्बन्धी व्यवस्था :**

उपभोक्ता समितिको गठन, सञ्चालन, व्यवस्थापन एवम् कार्यक्रम कार्यान्वयन देहाय बमोजिम हुनेछ :

१) गाउँपालिकाबाट सन्चालन गरिने विकास आयोजनाको कार्यन्वयनको लागि ऐनको दफा १५ बमोजिम गरिनेछ साथै उपभोक्ता समितिबाट आयोजना कार्यन्वयन र सन्चालन गराउँदा कार्यवोझ, प्राविधिक जटिलता, आर्थिक दायित्व, मावन संसाधनको उपयोग तथा प्राप्तीको आधारमा आयोजना/कार्यक्रम सम्झौता गाउँकार्यपालिकाबाटै गरिनेछ ।

२) वडा स्तरीय उपभोक्ता समिति गठनः

(क) उपभोक्ता समितिबाट आयोजना कार्यान्वयन र सञ्चालन गर्दा आयोजनाबाट प्रत्यक्ष लाभान्वित हुने घरपरिवारको पहिचान गरी त्यस्ता घरपरिवारको आम भेलाबाट सम्बन्धित आयोजनास्थलमा नै सातदेखि एघार सदस्यीय उपभोक्ता समिति गठन गर्नुपर्नेछ । उपभोक्ता समितिका सदस्यहरूले आफ्नो नागरिकताको प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्नेछ ।

(ख) गाउँपालिकाका बहालवाला पदाधिकारी, बहालबाला सरकारी कर्मचारी, शिक्षक, निर्माण व्यवसायी, सरकारी पेश्की वा बेरूजु फछ्र्यौट नगरेका व्यक्तिहरू, नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय पाई उक्त सजाय भुक्तान गरेको तीन वर्ष ननाघेको व्यक्ति, सार्वजनिक सम्पति हिनामिना गरेका व्यक्ति, तथा बहाल जनप्रति र निजका पत्नी छोरा छोरी नाति नातिनी संगोल रहेका भाई बुहारी भतिजा भतिजि बाबु आमा उपभोक्ता समितिका सदस्य हुन पाउने छैनन् ।

(ग) उपभोक्ता समितिका सदस्यहरूमा कम्तीमा तेत्तीस प्रतिशत महिला हुनुपर्नेछ । समितिको अध्यक्ष, सचिव र कोषाध्यक्षमध्ये कम्तीमा एकजना महिला पदाधिकारी हुनुपर्नेछ । उपभोक्ता समिति गठन गर्दा समावेशी हुनका साथै उपभोक्ता समितिमा आवद्ध व्यक्तिहरू सामान्यतया साक्षर हुनुपर्नेछ ।

(घ) एउटै समयमा एक व्यक्ति एकभन्दा बढी उपभोक्ता समितिको सदस्य हुन पाउने छैन साथै एकासगोलका परिवारबाट एकजनाभन्दा बढी व्यक्ति समितिको सदस्य हुन पाइने छैन ।

(ङ) उपभोक्ता समिति गठन गर्दा गाउँपालिकाले तोकेको कर्मचारी वा सम्बन्धित वडाकाजनप्रतिनिधिको रोहबरमा गर्नु पर्नेछ ।

(च) प्रचलित ऐन, नियम, प्रक्रिया र मापदण्ड विपरित उपभोक्ता समिति वा अनुगमन समिति गठन गरेको वा सिफारिश गरेको पाइएमा यसरी गठन भएको उपभोक्ता समिति मान्य हुने छैन ।

(छ) उपभोक्ता समितिको गठन सर्वसम्मत तरिकाले गर्नुपर्नेछ । सर्वसम्मत हुन नसकेको अवस्थामा तोकेको विधि अनुसार खटिएका प्रतिनिधिले उपभोक्ता समिति गठन गरी सोको जानकारी सम्बन्धित गाउँपालिकालाई गराउनु पर्नेछ ।

(ज) गाउँपालिकाबाट कार्यक्रम वा आयोजना स्वीकृत भएपछि उपभोक्ता समिति मार्फत सञ्चालन गरिने कार्यक्रम वा आयोजनाको हकमा चालु आ.ब.को जेष्ठ मसान्त भित्र उपभोक्ता समिति गठन गरी सम्झौताका लागि सम्पर्क राख्न सम्बन्धित लाभग्राही समूहलाई जानकारी दिनुपर्नेछ । तोकिएको समयभित्र उपभोक्ता समिति गठन भई आउन नसकेमा सम्बन्धित गाउँपालिकाले सहजीकरण गर्नेछ । उपभोक्ता समिति गठन हुन नसकेमा अन्य बैकल्पिक माध्यमबाट आयोजना सञ्चालन गर्न सकिनेछ ।

(झ) गाउँपालिकाले आयोजना/कार्यक्रम(सर्शत र समानिकरण) छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने छ । यसरी लागत सहभागिता तोकिएको अवस्थामा उपभोक्ता समितिको तर्फबाट निर्माणमा १० र कच्ची बाटो तथा ग्राभेल बाटो निर्माण २० प्रतिसतअनिवार्य व्यहोर्नु पर्ने छ । सहभागिता बापतको लागत अवस्थामा गाउँपालिकाले योजना सम्झौता गरी निर्धारण गरे बमोजिम जनसहभागिता बराबरको काम गरेको प्राविधिक मूल्याङ्कन सहितको प्रतिवेदन प्राप्त भएपछि कार्यप्रगतिको आधारमा आयोजनाको लागि गाउँपालिकाले उपलब्ध गराउने रकमबाट भुक्तानी गर्नुपर्नेछ । लागत सहभागिताको व्यवस्था नभएको कुनैपनि योजना उपभोक्ता समिति मार्फत संचालन गर्न पाइने छैन ।

(ञ) यस बमोजिम कार्यक्रम स्वीकृत नभई विगत वर्षमा वा यसै आर्थिक वर्षमा पनि सम्झौता हुनुपूर्व कार्य सम्पन्न गरिएका भनी भुक्तानी माग गरिएको कार्यक्रम वा आयोजनाहरूमा र आ.व.को अन्त्यमा काम भैसकेको देखाई पछि काम गर्ने गरी कुनै पनि हालतमा उपभोक्ता समितिलाई रकम भुक्तानी दिन पाइने छैन । उपभोक्ता समितिले स्वीकृत कार्यक्रम बमोजिम गरेको कामको मात्र भुक्तानी दिनु पर्नेछ ।

(ट) वास्तविक कामभन्दा अन्य काम गरेको देखाई अथवा कुनै आइटमको सट्टा अर्को आइटमको कार्य पूरा गरेको देखाई लागत अनुमानभन्दा बढी रकम माग्ने उपभोक्ता समितिलाई उक्त रकम भुक्तानी नदिई कालो सूचीमा राखी कारवाही गर्नुको अतिरिक्त सम्बन्धित प्राविधिकलाई समेत कारवाही गरीनेछ ।

(ठ) उपभोक्ता समितिको काम, कर्तव्य र अधिकार लगायत आयोजना लागत, निर्माण सामग्रीको परिमाण, आयोजनाको गुणस्तर, राख्नुपर्ने खाता, किस्ता निकासा तथा भुक्तानी प्रक्रिया, पारदर्शिता, अनुगमनसम्बन्धी व्यवस्थाका बारेमा कार्यक्रम वा आयोजना सम्झौता हुनुपूर्व एक वा सोभन्दा बढी उपभोक्ता समितिहरूका अध्यक्ष, सचिव र कोषाध्यक्षलाई सामुहिक रूपमा अबिमुखिकरण कार्यक्रम सहभागि भएको हुनु पर्ने छ ।

(ण) उपभोक्ता समितिको खाता अध्यक्ष, सचिव र कोषाध्यक्षको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ । खाता संचालकहरूको तीनपुस्ते खुलाई आयोजना खाता र गाउँपालिकामा अभिलेख राख्नुपर्नेछ । उपभोक्ता समितिको गठन र यसको बैठकका निर्णयहरूको अभिलेख उपभोक्ता समितिले राख्नु पर्नेछ

(त) उपभोक्ता समितिले आफूले प्रत्येक किस्तामा गरेको खर्चको रकम सार्वजनिक गर्नुको साथै सम्बन्धित उपभोक्ताहरु र गाउँपालिकालोई जानकारी गराउनु पर्नेछ । सम्बन्धित निकायबाट कुनै पनि समयमा उपभोक्ता समिति तथा आयोजना कार्यान्वयन गर्ने निकाय वा संघ- संस्थाको आर्थिक कारोवारको बारेमा जाँचबुझ वा निरीक्षण गर्न सकिनेछ ।

(थ) उपभोक्ता समिति, गैर सरकारी संस्था वा सामुदायिक संस्थाले आफ्नो खाताबाट पचास हजारभन्दा

माथिको आर्थिक कारोबार गर्दा बैंक वा वित्तीय संस्थामार्फत  गर्नुपर्नेछ ।

(द) सामाजिक परिचालनका माध्यमबाट गठन भएका समूह, सामुदायिक संस्था (जस्तै सामुदायिक वन, सामुदायिकस्तरका सहकारी संस्थाहरू, टोल विकास संस्था, आमा समूह, कृषि समूह, सामुदायिक संगठन आदि) कार्यक्रम वा आयोजना सञ्चालन गर्दा छुट्टै उपभोक्ता समिति गठन गरी सञ्चालन गरिने छ ।

(ध) उपभोक्ता समिति मार्फत सञ्चालन गरिने आयोजनाहरू श्रममूलक प्रविधिमा आधारित रही स्थानीय श्रमको उपयोग र परिचालनलाई उच्च प्राथमिकता दिनु पर्नेछ ।

(न) श्रममूलक प्रविधिबाट कार्य गराउने गरी लागत अनुमान स्वीकृत गराई सोही बमोजिम सम्झौता गरी मेशीनरी उपकरणको प्रयोगबाट कार्य गरेको पाइएमा त्यस्तो उपभोक्ता समितिसँग भएको सम्झौता रद्द गरी उपभोक्ता समितिलाई भुक्तानी गरिएको रकम मूल्यांकन गरी बढी भएको रकम सरकारी बाँकी सरह असुल उपर गर्नुपर्नेछ ।

(प) आयोजना कार्यान्वयन गर्ने निकाय वा उपभोक्ता समितिले आयोजनाको भौतिक तथा वित्तीय प्रगति प्रतिवेदन तोकिए बमोजिमको समयमा गाउँपालिकामा पठाउनु पर्नेछ ।

(फ) गाउँपालिकाले आयोजना सञ्चालन एवम् कार्यान्वयनमा संलग्न उपभोक्ता समिति, सामुदायिक संस्था एवम् गैर सरकारी संघ संस्थाको अभिलेखीकरण गरी लगत व्यवस्थित गर्नुपर्नेछ ।

(ब) उपभोक्ता समितिसँग सम्झौता गर्नु अगाडि गाउँपालिकाको योजना शाखा वा योजना सम्बन्धी काम गर्ने कर्मचारीले प्रचलित कानून, कार्यविधि, निर्देशिका बमोजिम आवश्यक कागजात सहित उपभोक्ता समिति गठन भए नभएको बारे एकिन गरी आफ्नो स्पष्ट राय साथ सम्झौताका लागि निर्णय गर्ने अधिकारी समक्ष पेश गरी निर्णय भए बमोजिम गर्नुपर्नेछ ।

(भ) गाउँपालिका र उपभोक्ता समिति वीचमा हुने सम्झौता पत्रमा आयोजनाको लागत, कार्य प्रारम्भ र सम्पन्न हुने अवधि, उपभोक्ता समितिले गर्ने योगदानको प्रकार र रकम, सम्बन्धित उपभोक्ताद्वारा सञ्चालन र मर्मत सम्भार गर्नुपर्ने विषय आदि उल्लेख गर्नुपर्नेछ ।

(म) उपभोक्ता समितिलाई सम्बन्धित गाउँपालिकाले लागत अनुमान तयार गर्ने, प्राविधिक सल्लाह दिने, जाँचपास लगायत अन्य प्राविधिक सहयोग उपलब्ध गराउनुपर्नेछ । गाउँपालिकाबाट प्राविधिक सेवा उपलब्ध गराउन कुनै कारणले सम्भव नभएमा सम्झौतामा उल्लेख गरी तोकिएको खर्चको सीमा भित्र रही उपभोक्ता समितिले आफ्नै तर्फबाट करारमा प्राविधिक नियुक्त गर्न वा प्राविधिक सहयोग लिन सक्नेछ ।

(य) उपभोक्ता समितिले कार्यक्रम सञ्चालन गर्दा उपभोक्ता समूहको निर्णयको आधारमा गर्ने, आयोजनाको निर्माण कार्य सम्वन्धित गाउँपालिकाको तर्फबाट तोकिएको प्राविधिकले तयार गरेको लागत अनुमान तथा प्राविधिक सल्लाहको अधीनमा रही गर्ने र आयोजना कार्यान्वयन गर्दा स्थानीय स्रोत, साधन र श्रम शक्तिको अधिकतम परिचालन गर्ने  गरी गर्नुपर्दछ ।

(र) उपभोक्ता समितिले आवस्यक्ता अनुसार बैठक बस्नुपर्ने, बैठकबाट भएको निर्णय सम्वन्धित गाउँपालिकालोई जानकारी गराउने, आयोजना सञ्चालन, संरक्षण र मर्मत सम्भार गर्ने, आफूले जिम्मा लिएको काम निर्धारित समयमा सम्पन्न गर्न नसेकेमा उपभोक्ता समुहको निर्णय सहित थप म्याद माग गर्ने, कार्यक्रम कार्यान्वयन संग सम्वन्धित सम्पूर्ण खर्चहरूको बिल भरपाई सुरक्षित राख्ने, सम्बन्धित कामको प्रगति बिबरण गाउँपालिकामा उपलब्ध गराउने, कामको फरफारक गराउनु अघि समीक्षाको लागि उपभोक्ता समूहको बैठक बोलाई बैठकमा राखी छलफल गराउने, यस्तो बैठकको उपस्थिति र निर्णयको प्रतिलिपि सम्वन्धित गाउँपालिकामा प्रस्तुत गर्ने आदि कार्य सम्पादन गर्नुपर्नेछ ।

(ल) उपभोक्ता समितिले गरेको कामको लागत मूल्य, कार्य, कार्यस्थल, लागेको रकम, उपभोक्ता समितिको पदाधिकारीको नाम, कार्य शुरू तथा सम्पन्न मिति समेत खुल्ने गरी सम्वन्धित कार्यस्थलमा सार्वजनिक परीक्षण गरेको प्रतिवेदन सम्वन्धित गाउँपालिकामा प्रस्तुत गर्नुपर्दछ ।

(व) उपभोक्ता समिति मार्फत गरिएको निर्माण वा सञ्चालन गरेको कार्यक्रमको जानकारी स्थानीय जनताले माग गरेमा उपभोक्ता समितिले उपलब्ध गराउनुपर्नेछ । यसरी माग गरेको विवरण उपलब्ध

नगराएको भनी सम्वन्धित उपभोक्ताले उपभोक्ता समिति भंग गर्न माग गरेमा सम्वन्धित गाउँपालिकाले सो विषयमा सत्य तथ्य बुझी उपभोक्ता समितिको पुनःगठन गर्न, समिति भंग गर्न वा अन्य माध्यमबाट कार्य सम्पन्न गर्न सक्नेछ ।

(श) उपभोक्ता समिति मार्फत सञ्चालन हुने वा निर्माण हुने विकास निर्माण कार्यको स्थलगत अनुगमन गर्ने जिम्मेवारी सम्वन्धित गाउँपालिका तथा सम्बन्धित अनुगमन समितिको हुनेछ ।

(ष) उपभोक्ता समितिले कामको लागि नियमानुसार लिएको पेश्की फछ्यौंट गर्दा प्रथम किस्ताको प्राविधिक मूल्याङ्कन, सम्झौता अनुसारको नाप जाँच र मूल्य खुलेको रनिङ्गविल, उपभोक्ता समितिको बैठकको प्रतिलिपि समेत राखी सम्बन्धित गाउँपालिकामा निवेदन दिनुपर्नेछ । यस विवरणको आधारमा अघिल्लो किस्ताको पेश्की फछ्यौंट गरी थप कामको मात्र अर्को किस्ता कायम गरी सोही वरावरको रकम उपलब्ध गराईनेछ । उपभोक्ता समिति स्वयम्ले खर्चको सार्वजनिक गर्नुपर्नेछ ।

(स) उपभोक्ता समितिले कार्य सम्पन्न गरेपछि प्राविधिक जाँचपास र कार्यसम्पन्न प्रतिवेदन प्राप्त गरी सम्बन्धित गाउँपालिकाका प्रतिनिधिको रोहवरमा सार्वजनिक परीक्षण गराउनु पर्नेछ । फरफारकका लागि उक्त सार्वजनिक परिक्षणको प्रतिवेदन समेत पेश गर्नुपर्नेछ । अन्तिम भुक्तानी दिंदा उक्त योजनाको फोटो र सो अनुसार निर्माण भएको हो भनी उपभोक्ता समितिको निर्णय तथा उपभोक्ता समितिका अध्यक्ष, सचिव र कोषाध्यक्षको दस्तखत गराई सम्बन्धित फाईलमा समावेश गर्नु पर्नेछ ।

(ह) उपभोक्ता समिति मार्फत सञ्चालन भएका आयोजनाहरूको कार्यसम्पन्न भएपछि सम्वन्धित निकायले सोको रेखदेख मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकी उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्दछ । यसरी आयोजनाको हस्तान्तरण भएमा सम्बन्धित गाउँपालिकाको सहमति लिई उपभोक्ता समितिले सेवा शुल्क लिन र सोको नियमित मर्मत सम्भार र सञ्चालनको व्यवस्था गर्न सक्नेछ । यसका लागि आवश्यकता अनुसार कार्यक्रम तथा आयोजना सञ्चालन कार्यविधि तयार गरी सम्बन्धित गाउँपालिकाबाट स्वीकृत गरी लागू गर्न सकिनेछ ।

(क्ष) गाउँपालिका आफैले संचालन गरेको वा उपभोक्ता समिति, गैर सरकारी संस्था लगायत अन्य सामाजिक संघसंस्था मार्फत सञ्चालन गरिने तालिम, गोष्ठि, सेमिनार, अभिमुखीकरण कार्यक्रम, कार्यशालाजस्ता कार्यक्रमहरूको भुक्तानी गर्दा उक्त कार्यक्रम संचालन गर्ने विषयमा भएको निर्णय, कार्यक्रम संचालन भएको स्थान र कार्यक्रम अवधि, कार्यक्रमको उद्देश्य र अपेक्षित उपलब्धि, कार्यक्रमका सहभागीको उपस्थिति, कार्यक्रमको कार्यतालिका, कार्यक्रममा प्रस्तुत भएको कार्यपत्रको प्रतिलिपी, कार्यक्रम संचालन गर्दाको अवस्थाका तस्वीरहरू सहित आर्थिक प्रशासन नियम बमोजिमका अन्य बील भर्पाइ र कागजात संलग्न गरी कार्यसम्पन्न प्रतिवेदनका आधारमा गर्नुपर्नेछ ।

(त्र) उपभोक्ता समितिले आयोजनाहरू संचालन गर्दा तोकिए बमोजिमको गुणस्तर कायम गर्ने गराउने दायित्व र जिम्मेबारी सम्बन्धित प्राविधिक कर्मचारी, अन्य कर्मचारी, उपभोक्ता समिति र अनुगमन तथा सहजीकरण समितिको हुनेछ ।

(ज्ञ) अनुकरणीय कार्य गर्ने उपभोक्ता समिति, प्राविधिक कर्मचारी र सम्बन्धित कर्मचारीलाई सभाको निर्णय बमोजिम वार्षिक रूपमा पुरस्कार प्रदान गर्न सकिनेछ ।

**(२१) अनुगमन तथा सहजीकरण सम्बन्धमा :**

(१) उपभोक्ता समितिबाट कार्यक्रम वा आयोजना संचालन वा कार्यान्वयनमा अनुगमन एवम् सहजीकरण गर्न देहाय बमोजिमको अनुगमन तथा सहजीकरण समिति हुनेछ ।

क) अनुगमन समिति :

१) उपभोक्तहरु मध्यबाट– एक जना संयोजक

२) उपभोक्तहरु मध्यबाट– चार देखि छ जना सदस्य

३)उपरोक्त समिति गठन गर्दा तेत्तिस प्रतिसत महिला अनिवार्य हुनु पर्ने छ ।

(२) खण्ड (क) बमोजिमको समितिबाट सञ्चालन गरिने कार्यक्रम वा आयोजनाको हकमा कार्यक्रम वा आयोजना प्रारम्भ हुनुभन्दा पहिले सो आयोजनामा खटिएका कर्मचारीले र उपभोक्ता समितिबाट सञ्चालन गरिने कार्यक्रम वा आयोजनाको हकमा सम्झौता हुनुपूर्व आयोजना अनुगमन तथा

सहजीकरण समिति गठन गर्नुपर्नेछ । कार्यक्रम वा आयोजनाको अन्तिम भुक्तानी एवम् फरफारक गर्नुपूर्व यस्तो समितिको प्रतिवेदन सहित सिफारिश आवश्यक पर्नेछ ।

(३) आयोजना संचालनको क्रममा बाधा अवरोध आइपरेमा आवश्यक सहजीकरण गर्ने, सम्पन्न कार्यक्रम वा आयोजनाको सार्वजनिक परिक्षण गर्ने तथा गाउँपालिकासँग गरेको सम्झौता र प्रचलित कानून बमोजिम कार्यक्रम तथा आयोजना संचालन भएको नपाइएमा सम्बन्धित उपभोक्ता समितिका सदस्यहरूलाई र गाउँपालिकालोई सोको जानकारी गराउनु कार्यक्रम वा आयोजना अनुगमन तथा सहजीकरण समितिको कर्तव्य हुनेछ ।

(४) समितिले आयोजना सम्पन्न भएको सात दिनभित्र आयोजनाको अन्तिम भुक्तानी र फरफारकको निम्ति सिफारिश गर्नु पर्नेछ । समितिले आफ्नो दायित्व र जिम्मेवारी निर्वाह नगरेको, भुक्तानी र फरफारकको लागि सिफारिश नगरेको कारणबाट प्रचलित कानून बमोजिम भए गरेका कार्यको भुक्तानी दिन, फरफारक गर्न लगायतका थप कार्यहरू अगाडि बढाउन बाधा परेको मानिने छैन ।

(५) कार्यक्रम वा आयोजना अनुगमन समितिको थप जिम्मेवारी र आचार संहिता आयोजना सम्झौता फाराममा उल्लेख गरे बमोजिम हुनेछ ।

(६) आयोजना सुपरिवेक्षण र अनुगमन समितिले आयोजना निर्माण सम्बन्धमा भएको प्रगति विवरण उपभोक्ता समिति र सम्वन्धित गाउँपालिकालोई उपलब्ध गराउने, आयोजना सञ्चालनबाट स्थानीय जनतालाई पुगेको सुविधा, सेवाको गुणस्तर, सेवामा वृद्धि गराउनु पर्ने अवस्था आदिको सुपरिवेक्षण गरी जानकारी लिने, आयोजना सञ्चालनको क्रममा देखा परेका वाधा व्यवधान हटाउनको लागि उपयुक्त सुझाव सहितको सिफारिस सम्वन्धित उपभोक्ता समिति र गाउँपालिकामा पेश गर्ने तथा उपभोक्ता समितिले गाउँपालिकासँग गरेको सम्झौता र प्रचलित कानुन बमोजिम कार्यक्रम तथा आयोजना सञ्चालन भएको नपाइएमा सोको जानकारी सम्बन्धित गाउँपालिकामा गराउने दायित्व र जिम्मेवारी निर्वाह गर्नुपर्नेछ ।

**(२२) सार्वजनिक निजी साझेदारी :**

(१) गाउँपालिकाले सञ्चालन गर्ने विकास निर्माण लगायत सेवा खरिद र सेवा प्रवाहका कार्य प्रचलित कानुन अनुसार सार्वजनिक निजी साझेदारी अन्तर्गत गराउन सक्नेछ ।

(२) निजीक्षेत्र आकर्षित हुनसक्ने सम्भावित क्षेत्रहरूको पहिचान गरी त्यस्ता क्षेत्रहरूमा साझेदारीमा काम गर्न गाउँपालिकाले निजी क्षेत्रलाई आह्वान गर्नेछ ।

(३) यसरी कार्य गराउँदा सार्वजनिक निजी साझेदारी नीति, २०६० एवम् सार्वजनिक निजी साझेदारी कार्यविधि (गाउँपालिकाको लागि), २०६१ बमोजिम गर्नु गराउनु पर्नेछ ।

(४) गाउँपालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका गैर सरकारी संस्था, निजी क्षेत्र, सामुदायिक संस्थाबाट सञ्चालन हुने कार्यक्रम वा आयोजनामा परिपूरकता कायम गर्नुका साथै यस्ता संस्थाहरूसँग साझेदारीमा कार्यक्रम वा आयोजनाहरू सञ्चालन एवम् कार्यान्वयन गर्न सक्नेछ ।

**(२३) ठेक्कापट्टासम्बन्धी व्यवस्था :** उपभोक्ता समितिबाट कार्य सम्पन्न हुन नसक्ने जटिल र प्राविधिक रूपमा कठिन प्रकृतिका आयोजनाहरूको गाउँकार्यपालिकाले प्रचलित कानूनको प्रक्रिया पुऱ्याई ठेक्कापट्टाद्धारा काम गराउनु पर्नेछ ।

**(२४) सडक निर्माणसम्बन्धी विशेष व्यवस्था :**

(१) पूर्वाधार विकासबाट अधिकतम लाभ लिनका लागि सडक सुविधा पुग्ने क्षेत्रमा तत्काल रोजगारी र आयआर्जनमा बढावा दिनसक्ने कृषि (कृषि, पशुविकास र मत्स्य विकास) तथा गैर कृषि (लघुउद्योग, उद्यम, व्यवसाय) सम्बन्धी आर्थिक तथा सामाजिक विकासका क्रियाकलापहरू उक्त क्षेत्रमा नै संकेन्द्रित ( कन्सन्ट्रेट) गरी एक क्षेत्रले अर्को क्षेत्रको विकासमा परिपूरकता कायम हुने गरी सञ्चालन गर्नुपर्नेछ ।

(२) सडकमा लगानी गर्दा नयाँ ट्र्याक खोल्ने कार्यलाई कम प्राथमिकता दिई भैरहेका सडकहरूलाई बाह्रै महिना सञ्चालन गर्न, सडकको स्तरोन्नतिका साथै सडक संरचना र पुल-पुलेसा निर्माणमा प्राथमिकता दिनु पर्नेछ ।

(३) सडक निर्माण कार्यमा ठूला मेशिनरी उपकरणको प्रयोगमा आवस्यकता अनुसार प्रयोग गर्नु पर्नेछ ।

तर प्राविधिकको परामर्शमा वातावरण संरक्षण ऐन, २०५३ तथा वातावरण संरक्षण नियमावली, २०५४ को साथै सामाजिक तथा वातावरणीय सुरक्षाको रूपरेखा, २०६५ को परिधिभित्र रही वातावरण तथा श्रममैत्री उपकरण प्रयोगमा बाधा पर्ने छैन ।

(४) गाउँपालिकाले आफ्नो क्षेत्रभित्र गाउँपालिका लगायत अन्य निकायबाट निर्माण भएका सम्पूर्ण सडकहरूको नक्शाङ्कन एवम् अद्यावधिक विवरण (रोड इन्भेन्ट्री) तयार गरी राख्नु पर्नेछ ।

(५) सम्बन्धित निकायको स्वीकृति वेगर वातावरणमा प्रत्यक्ष रूपमा असर पुऱ्याउने खालका आयोजनाहरू तथा गाउँपालिकाको स्वीकृति वेगर स्थानीयस्तरका सडक निर्माणसम्बन्धी भौतिक पूर्वाधारका आयोजनाहरू सञ्चालन गर्न पाइने छैन ।

(६) सडक निर्माणसम्बन्धी कार्य सञ्चालन गर्नुपूर्व सडकको क्षेत्राधिकार (राइट अफ वे) कायम गर्न लगत कट्टा गर्ने प्रक्रिया शुरू गरेको हुनु पर्नेछ । साथै सडकको दुबैतर्फ हरियाली कायम राख्न बृक्षारोपण समेत गर्नुपर्नेछ ।

**(२५) आयोजना मर्मत संभार तथा हस्तान्तरण सम्बन्धी व्यवस्था :**

(१) एक करोड रूपैयाँभन्दा माथि लागत भएका आयोजनाको हकमा आयोजनाको लागत अनुमान तर्जुमा गर्दाकै समयमा मर्मत सम्भारका लागि रकम छुट्याउनु पर्नेछ ।

(२) आयोजना सञ्चालन गर्ने निकायले सम्पन्न भईसकेका आयोजनाहरूको नियमित रेखदेख र मर्मत संभार कार्य आफैले गर्ने वा त्यस्ता आयोजनाको स्वामित्व समेत सम्बन्धित उपभोक्ता समिति, सामूदायिक संस्था वा गैरसरकारी संस्थालाई हस्तान्तरण गरी दीगो सञ्चालन हुने व्यवस्था मिलाउनु पर्नेछ ।

(३) हस्तान्तरित आयोजनाको नियमित सञ्चालन र मर्मत संभारका लागि उपभोक्ता समिति, गैर सरकारी संस्था वा समुदायिक संस्थाले सम्बन्धित गाउँपालिकाबाट स्वीकृति लिई आवश्यक सेवाशुल्क तोकी आफ्नो कोष खडा गर्न सक्नेछन् ।

(४) उपदफा (३) बमोजिमको कोषबाट कोषको वार्षिक आम्दानीको दश प्रतिशत वा पच्चीस हजारमध्ये जुन कम हुन्छ त्यति रकम प्रशासनिक कार्यमा खर्च गर्न सकिनेछ । बाँकी रकम सम्बन्धित आयोजनाको मर्मत संभार र स्तरोन्नतिका लागि खर्च गर्नुपर्नेछ ।

(५) नियमित रूपमा मर्मत संभार नगर्ने आयोजनामा गाउँपालिकाबाट थप लगानी हुने छैन ।

**(२६) जनसहभागिता एवम् लागत सहभागिता :**

(१) कार्यक्रम वा आयोजना तर्जुमा, सञ्चालन, अनुगमन तथा मूल्याङ्कन लगायत आयोजनाका प्रत्येक चरणमा अत्यधिक मात्रामा सहभागिता जुटाउने प्रयत्न गर्नु गाउँपालिकाको कर्तव्य हुनेछ ।

(२) सहभागिताको मापदण्ड तयार गर्दा आयोजनाको प्रकृति, आयोजनास्थल, उपभोक्ताको क्षमता र गाउँपालिकाले अवलम्वन गरेको नीतिका अधीनमा निर्माणमा १० र कच्चीबाटो तथा ग्राभेलबाटोमा२० प्रतिशतमा कम नहुने गरी (नगद, श्रम वा स्थानीय सामग्री) निर्धारण गर्नुपर्नेछ ।

(३) सहभागिताको अंश निर्धारण गर्दा अति विपन्न परिवार र लक्षित समूहलाई विशेष सहुलियत दिन सकिने प्रावधान राख्न सकिनेछ । लागत सहभागिता व्यहोर्न नसकेको कारणबाट लक्षित समूहलाई आयोजनाको लाभबाट वञ्चित गराइनेछैन ।

(२७) कार्यक्रम वा आयोजना सञ्चालन सम्बन्धी कार्यतालिका : गाउँपालिकाको कार्यक्रम वा आयोजना सञ्चालन गर्दा देहायको समयतालिका अनुसार गर्नुपर्ने छ :-

| सि.नं. | कार्य हरू | समय तालिका |
|---|---|---|
| १. | चालू आर्थिक वर्षको वार्षिक कार्य तालिका (खरिद योजना सहित) निर्माण र स्वीकृती । | श्रावण मसान्तभित्र । |
| २ | वार्षिक कार्य तालिका अनुसार उपभोक्ता समितिको गठन र संझौता, ठेक्का पट्टा वा अन्य प्रक्रियाबाट आयोजना कार्यान्वयन, व्यवस्थापन र कार्यारम्भ आदेश । | वार्षिक कार्य योजना अनुसार कार्तिक मसान्तभित्र । |
| ३ | आयोजना सम्पन्न गर्ने अवधि । | ज्येष्ठ मसान्तभित्र । |

| | | |
|---|---|---|
| ४ | जाँचपास र फरफारक। | आयोजना सम्पन्न भएको ३० दिनभित्र। |
| ५ | आगामी आर्थिक वर्षको कार्यक्रम र बजेट तर्जुमा गाउँसभाबाट पारित गर्ने। | असार मसान्त भित्र |

**(२८) कार्यक्रम कार्यान्वयन तथा सञ्चालनमा सहयोग गर्नुपर्ने :**

गाउँपालिकाबाट आफ्नो क्षेत्रभित्र सञ्चालन तथा कार्यान्वयन हुने कार्यक्रम वा आयोजनामा राजनैतिक दल, सामुदायिक संस्था, नागरिक समाज, गैर सरकारी संस्था, पेशागत संस्था एवम् सबै सरकारी एवम् गैर सरकारी संस्थाले आवश्यक सहयोग र सहजीकरण गर्नुपर्नेछ।

## परिच्छेद-५

## अनुगमन एबम् मूल्याङ्कन

**(२९) सुपरिवेक्षण तथा अनुगमन समिति गठन तथा काम, कर्तव्य र अधिकार :**

(१) गाउँपालिकाले गाउँपालिकामा सञ्चालित विभिन्न कार्यक्रम (सर्शत र समानिकरण) वा आयोजनाहरूको समग्र अनुगमन गर्ने प्रयोजनका लागि देहाय बमोजिमको गाउँपालिका स्तरीय सुपरिवेक्षण तथा अनुगमन समिति गठन गर्नु पर्नेछ।

(क) गाउँपालिकाकोको उपाध्यक्ष वा निजबाट तोकिएको पदाधिकारी - संयोजक

(ख) सम्बन्धित वडाको वडाध्यक्ष - सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको कर्मचारी - सदस्य

(घ) इन्जिीनियर वा निजले तोकेको सवइन्जिनियर - सदस्य

(ङ) योजना शाखा हेर्ने कर्मचारी मध्य गा/पा अध्यक्षले तोकेको एकजना कर्मचारी – सदस्य

(च) गा/पा अध्यक्षले तोकेको एकजना महिला सहित बढीमा चार जना-सदस्य

(२) उपदफा (१) अनुसार गठन हुने सुपरिवेक्षण तथा अनुगमन समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :-

(क) कार्यक्रम (सर्शत र समानिकरण) वा आयोजनाको कार्यान्वनमा सहजीकरण गर्ने तथा देखिएका बाधा, व्यवधान र समस्या समाधानका लागि आवश्यक निर्देशन दिने,

(ख) कार्यक्रम (सर्शत र समानिकरण) वा आयोजनाको कार्यान्वयन कार्यतालिका अनुसार काम भए नभएको यकीन गर्ने र नगरेको पाइएमा सम्बन्धित पक्षलाई सचेत गराउने,

(ग) विषयगत शाखा र अन्य सरकारी क्षेत्रबाट सञ्चालित कार्यक्रम (सर्शत र समानिकरण) वा आयोजनाको समेत अनुगमन गर्ने।

(घ) गैरसरकारी संस्थाबाट सञ्चालित कार्यक्रम वा आयोजनाको प्रभावकारी अनुगमन गर्ने,

(ङ) कार्यक्रम (सर्शत र समानिकरण) वा आयोजनामा समितिले अनुगमनको क्रममा देखिएका विषयमा आवश्यक लेखाजोखा गरी आफ्नो सुझाव सहितको प्रतिवेदन आयोजना फरफारक गर्नुभन्दा अघिनै पेश गर्नु पर्नेछ। यसरी प्राप्त प्रतिवेदनमाथि कार्यपालिकाको बैठकमा आवश्यक छलफल गर्नुपर्नेछ।

(च) गाउँपालीकाले आफ्ना कार्यक्रम(सर्शत र समानिकरण) वा आयोजनाहरूको सुपरिवेक्षण तथा अनुगमन कार्ययोजना/कार्यतालिका बनाई सोको आधारमा नियमित रूपमा सुपरीवेक्षण, अनुगमन एवम् समीक्षा गर्नुपर्नेछ।

(छ) कार्यक्रम (सर्शत र समानिकरण) वा आयोजनामा समिति आफैले अनुगमन गर्न वा आवश्यकता अनुसार बढीमा पाँच सदस्यीय उप-समिति गठन गरी आयोजनाको सुपरीवेक्षण तथा अनुगमन गर्न वा अन्य कुनै पदाधिकारी वा कर्मचारीहरूलाई अनुगमनसम्बन्धी कार्यमा खटाउन सक्नेछ।

(ज) अनुगमनसम्बन्धी अन्य व्यवस्था कार्यपालिकाबाट तोकिए बमोजिम हुनेछ ।

**(३०) अनुगमनसम्बन्धी थप व्यवस्था :**

(१) गाउँपालिकाले आफ्नो क्षेत्रभित्र सञ्चालित कार्यक्रम (सर्शत र समानिकरण) वा आयोजनाको अनुगमन, प्रगति प्रतिवेदन र त्यसको समीक्षा सहितको विवरण सभामा छलफल गराउनु पर्नेछ र सोको

प्रतिवेदन प्रचलित कानुन बमोजिम तोकीएको निकायमा पठाउनु पर्नेछ ।
(२) गाउँपालिकाले सेवा करारमा परामर्शदाता नियुक्ति गरी अनुगमन एवम् मूल्याङ्कन गर्न गराउन सक्नेछ ।
(३) गाउँपालिकाको क्षेत्रभित्र सञ्चालित कार्यक्रम (सर्शत र समानिकरण) तथा बजेटको तर्जुमा, कार्यान्वयन र अनुगमन प्रक्रियामा वातावरणीय पक्ष, लैङ्गिक तथा सामाजिक समावेशीकरणजस्ता विषयलाई पर्याप्त ध्यान दिए नदिएको बारेमा सुपरीवेक्षेण तथा अनुगमन गर्नुपर्नेछ ।

**(३१) आयोजना जाँचपास र फरफारकसम्बन्धी व्यवस्था :**

(१) गाउँपालिकाले आयोजना सम्पन्न भएको जानकारी प्राप्त भएपछि भौतिक पूर्वाधार आयोजनाको हकमा सम्बन्धित प्राविधिकले पेश गरेको अन्तिम मूल्यांकन, कार्य सम्पन्न प्रतिवेदन र सार्वजनिक परीक्षणको प्रतिवेदन तथा अन्य क्रियाकलाप (सर्शत र समानिकरण)को हकमा सार्वजनिक परीक्षणको प्रतिवेदनको आधारमा तीस दिनभित्र आयोजनाको जाँचपास गर्नुपर्नेछ ।
(२) गाउँपालिकाले विषयगत शााखा, अन्य निकाय वा संघ संस्थाबाट सञ्चालित कार्यक्रम (सर्शत र समानिकरण) र आयोजनाको सम्बन्धित निकायबाट कार्यसम्पन्न प्रतिवेदन प्राप्त भएपछि आवश्यक जाँचवुझ गरी ३० दिनभित्र जाँचपास गर्नुपर्नेछ ।
(३) गाउँपालिकाले आयोजना जाँचपास भएपछि फरफारक गरिदिनु पर्नेछ । फरफारक भएका आयोजनाहरूको गाउँसभाबाट अनुमोदन गराउनु पर्नेछ ।
(४) आयोजनाको रकम भुक्तानीको लागी अनिवार्य पेश गर्नु पर्ने आवश्यक कागजातहरु देहाय बमोजिम हुनेछन् ।

१. गाउँ कार्यपालिकाका/गाउँ सभाको वैठकको निर्णय
२. लगत स्टीमेट
३. उपभोक्ता समितिको गठन र बैठकको माइनुट
४. उ.स. को पदाधिकारीहरुको नागरिकता प्र.प.को फोटोकपी
५. योजना सम्झौताको लागी निवेदन
६. सम्झौता
७. कार्यादेश
८. योजना पाँच लाख देखि माथिको भएमा योजना स्थलमा होर्डिङ बोर्ड
९. खर्चको विल भर्पाई
१०. प्राविधिक विल
    क) कार्य सम्पन्न प्रतिवेदन
    ख) ठेक्का विल
    ग) नापी किताब
११. सार्वजनिक लेखापरिक्षण
१२. अनुगमन समितिको निर्णण
१३. उ.स. वाट खर्चको अनुमोदन
१४. योजना सम्पन्न भए पछिको फोटोहरु कागजमा टाँसेर प्राविधिक र उ.स.को अध्यक्षले फोटोमा हस्ताक्षर गरेको
१५. भुक्तानीको लागि उपभोक्त समितिको नाममा नजिकको बैंकमा खाता खोली सो खाता नं. उपलब्ध गराउने ।

**(३२) प्रगति प्रतिवेदन एवम् समीक्षासम्बन्धी व्यवस्था :-**

(१) गाउँपालिकाले ऐन, नियम बमोजिम कार्यक्रम वा आयोजनाहरूको चौमासिक र वार्षिक रूपमा प्रगति समीक्षा एवम् मूल्यांकन गर्नुपर्नेछ ।
(२) गाउँपालिकाबाट सञ्चालित कार्यक्रम(सर्शत र समानिकरण) वा आयोजनाको प्रगति प्रतिवेदन एवम्

समीक्षा देहाय बमोजिम हुनेछ :-
(क) गाउँसभाबाट स्वीकृत बजेट र कार्यक्रम (सर्शत र समानिकरण)को एक प्रति प्रचलित कानुन बमोजिम तालुक निकायमा पठाउनु पर्नेछ ।
ख) गाउँपालिकाबाट सन्चालित कार्यक्रम(सर्शत र समानिकरण) वा आयोजनाको चौमासिक र बार्षिक रुपमा प्रगति समिक्षा गर्नु पर्नेछ ।
ग) प्रगति प्रतिवेदन एवं समिक्षा सम्बन्धि अन्य ब्यवस्था कार्यपालिकाको निर्णयबमोजिम हुनेछ ।

**(३३) प्रभाव अध्ययन :**

गाउँपालिकाबाट सञ्चालित दुई करोडभन्दा बढी लागतका कार्यक्रम वा आयोजना सम्पन्न भएको तीन वर्षपछि कम्तीमा दुई वटा आयोजनाको प्रभाव मूल्याङ्कन गराउनु पर्नेछ । यसरी मूल्याङ्कनबाट सिकिएका पाठहरूलाई नयाँ कार्यक्रम वा आयोजना छनौट तथा कार्यान्वयन गर्दा पृष्ठपोषणको रूपमा लिने पद्दतिको विकास गर्नुपर्नेछ ।

## परिच्छेद-६

## कोष ब्यवस्थापन

**(३४) सन्चित कोष :** ऐनको दफा ६९ को उपदफा (२) बमोजिमका रकमहरु सन्चित कोषमा रहनेछन् ।
(क) सन्चित कोषको सन्चालन ऐनको दफा ६९ को उपदफा (४) र (५) बमोजिम हुनेछ ।

**(३५) विशेष कोषसम्बन्धी व्यवस्था :**

(१) गाउँपालिकाले गाउँसभाबाट स्वीकृत गराई आवश्यकतानुसार विषेश कोष ब्यबस्थापन गर्न सक्नेछ ।
(२) कोष सञ्चालनसम्बन्धी सम्बन्धी कार्यविधिहरु कार्यपालिकाद्धारा स्वीकृत गराई लागु हुनेछन ।
(३) यस्तो कोषबाट खर्च गरिने रकम जुन प्रयोजनको लागि राखिएको हो , सो बाहेक अन्य प्रयोजनमा खर्च गर्न सकिनेछैन ।
(४) ऐनको दफा ७० बमोजिम गाउँपालिकामा एक आकस्मीक कोषको ब्यवस्था गरिनेछ ।

**(३६) रकम फ्रिजसम्बन्धी व्यवस्था :**

(१) सालतमाममा खर्च नभई बाँकी रहेको रकम देहाय बमोजिम गर्नुपर्नेछ :-
(क) संघिय सरकारबाट निकासा भएको सबै निःशर्त, सशर्त, पूँजिगत तथा चालू अनुदान रकम आर्थिक वर्ष समाप्त हुनुभन्दा कम्तीमा सात दिन अगाडि नै भुक्तानी दिनुपर्ने रकम भुक्तानी दिई आर्थिक कारोवार बन्द गर्नुपर्नेछ ।
(ख) आर्थिक कारोवार बन्द गरेपछि बाँकी रहेको रकम गाउँपालिकाको सन्चित कोष खातामा फिर्ता गर्नुपर्नेछ ।आयोजनाको भुक्तानी दिन बाँकी रकमको विवरण प्रमाणित गराई राख्नु पर्नेछ ।

## परिच्छेद-७

## लेखा र लेखापरिक्षण

(३७) लेखा व्यवस्थापन : गाउँपालिकाको आन्तरिक नियन्त्रण, लेखापरिक्षण तथा बेरुजु असुल फछ्यौट सम्बन्धी ब्यवस्था बढैयाताल गाउँपालिकाको आर्थिक कार्यविधि नियमित तथा ब्यवस्थित गर्न बनेको कानुन,२०७४ को दफा १७, १८,१९ तथा २० बमोजिम हुनेछ ।

## परिच्छेद-८

## सुशासन सम्बन्धि ब्यवस्थापन

**(३८) उत्तरदायित्व सम्बन्धी व्यवस्था :** स्थानीय निकायको सम्पूर्ण काम कार्यवाहीलाई सरल, सुव्यवस्थित, सेवाग्राहीमैत्री र जिम्मेवारयुक्त बनाई स्थानीय निकायलाई सेवाग्राहीप्रति उत्तरदायी गराउन देहाय बमोजिमको व्यवस्था गर्नुपर्नेछ :-
(१) “सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४” र सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ बमोजिम गरिनेछ ।
(२) कार्यालयको कार्यमा विभिन्न विभाग, शाखा, कार्यालय, इकाईको कार्य जिम्मेवारी र उक्त शाखा

इकाई कार्यालयमा काम गर्ने प्रत्येक कर्मचारीको काम, कर्तव्य र अधिकार एवम् जिम्मेवारी तोकी काम गराउने व्यवस्था मिलाउनु पर्नेछ । यसरी जिम्मेवारी तोकेपछि सम्बन्धित शाखालाई कार्यसम्पादन मापन सूचकसँग समेत अन्तरसम्वन्ध स्थापित गर्नु पर्नेछ ।

(३) कर्मचारीको कार्यसम्पादन मूल्याङ्कन गर्दा उक्त सूचकहरू अनुसार कार्य गरे नगरेको वस्तुगत मूल्याङ्कन गरी पुरस्कार र दण्ड दिने परिपाटी अवलम्वन गर्नुपर्नेछ ।

(४) नागरिकप्रति उत्तरदायी भई व्यवहार गर्न, नागरिकका आधारभूत आवश्यकता र अधिकारहरूप्रति संवेदनशील भई प्रभावकारी सेवा प्रवाह गर्न, आफ्ना कर्मचारी एवम् पदाधिकारीहरूलाई अभिमुखीकरण गर्नुको साथै कार्यालयको कार्य वातावरणमा आवश्यक सुधार ल्याउनु पर्नेछ ।

(५) नागरिकका लिखित वा मौखिक गुनासाहरूलाई प्राथमिकता दिई सम्वोधन गर्न कर्मचारी तोक्नु पर्नेछ । जिम्मेवार कर्मचारीले प्राप्त गुनासो र सुनुवाई गरेको विवरण चौमासिक रूपमा समीक्षा बैठकमा पेश गर्नु पर्नेछ ।

(६) सूचनाको हकसम्बन्धी अधिकारलाई कार्यान्वयन गराउन प्रतिवद्ध रहनु पर्नेछ ।

(७) गाँउपालिकाले आफूले संचालन गरेको कार्यक्रम वा आयोजना, सेवा प्रवाहको अवस्था आदिका बारेमा वर्षमा कम्तीमा दुई पटक सार्वजनिक सुनुवाई गर्नुपर्नेछ ।

(८) सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण, सार्वजनिक परीक्षण, जनसर्भेक्षण र नागरिक बडापत्रको व्यवस्थित गर्नेजस्ता कार्य गरी स्थानीय निकायलाई सेवाग्राहीप्रति उत्तरदायी गराउनुका साथै वित्तीय अनुशासन कायम गरिनेछ ।

(९) व्यक्तिगत घटना दर्ता, समाजिक सुरक्षा कार्यक्रमको भत्ता, नागरिक सरोकारका दैनिक सिफारिशजस्ता विषयहरूलाई प्राथमिकता दिई नागरिकलाई प्रवाह हुने सेवा सुनिश्चित हुने व्यवस्था मिलाउनु पर्नेछ ।

(१०) गाँउपालिकाको समग्र सेवा प्रवाह र आयोजनाको कार्यान्वयन सम्वन्धमा सम्बन्धित पक्षको चित्त नबुझेमा सम्बन्धित स्थानीय निकाय समक्ष उजुरी दिन सकिनेछ । त्यस्तो उजुरीको सुनुवाई गर्नु सम्बन्धित स्थानीय निकायका प्रमुखको कर्तव्य हुनेछ ।

(११) गाँउपालिकाका कर्मचारीहरूको सम्पत्ति विवरण प्रचलित कानुन बमोजिम प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले साठी दिनभित्र राष्ट्रिय सतर्कता केन्द्रले तोके बमोजिमको ढाँचामा व्यवस्थित गरी राख्नुपर्नेछ ।

(१२) गाँउपालिकाका पदाधिकारी एवम् कर्मचारीहरूको आचार संहिता पारित गराई लागू गर्नु गराउनु पर्नेछ ।

**(३९) पारदर्शिता सम्बन्धी व्यवस्था :**

गाँउपालिकाले आफूले गरेका काम कारवाहीलाई पारदर्शी ढंगले सञ्चालन गर्न देहाय बमोजिम व्यवस्था गर्नुपर्नेछ :-

(१)गाउँपालिकाले पाँच लाख वा सोभन्दा बढी लागत अनुमान भएका कार्यक्रम वा आयोजनाहरूको आयोजनाको नाम, लागत अनुमान, सम्झौता मिति, सम्पन्न हुने मिति, लाभान्वित जनसंख्या, लागत सहभागिताजस्ता विवरण सहितको सूचना पाटी सर्वसाधारणले देख्न सक्ने गरी योजनास्थलमा राख्नुपर्नेछ ।

(२) गाँउपालिकाबाट सञ्चालित कार्यक्रम, आयोजना तथा बजेट सबैले देख्ने गरी सूचना पाटीमा टाँस्ने, सार्वजनिक गर्ने, स्थानीय सञ्चारका माध्यम एफ. एम. रेडियो मार्फत् प्रचार प्रसार गर्ने कार्य गर्नुपर्नेछ ।

(३) गाँउपालिकाले आफ्नो आम्दानी तथा खर्च प्रत्येक चौमासिक वा वार्षिक रूपमा विभिन्न माध्यमबाट सार्वजनिक गर्नुपर्नेछ ।

(४) गाँउपालिकाको वित्तीय एवम् भौतिक प्रगतिबारे सर्वसाधारण एवम् सरोकारवालालाई सुसूचित गराउनका लागि आवश्यक व्यवस्था मिलाउनु पर्नेछ ।

(५) आयोजना सम्पन्न भैसकेपछि त्यस्ता आयोजनाको सार्वजनिक परीक्षण गराउनुपर्नेछ । सार्वजनिक परीक्षण नभएसम्म अन्तिम किस्ता भुक्तानी दिईने छैन ।

(६) गाउँपालिकाले देहायका विषयहरू आफ्नो वेभसाइटमा राख्नुका अतिरिक्त स्थानीय वा राष्ट्रिय

पत्रपत्रिका, एफ.एम. रेडियो लगायतका सञ्चार माध्यमहरूवाट सार्वजनिक गर्नुपर्नेछ :- (क) आवधिक तथा वार्षिक योजनाहरू, (ख) वार्षिक कार्यक्रम तथा बजेट, (ग) सबै प्रकारका आम्दानी, खर्च र चौमासिक वा वार्षिक प्रगति विवरणहरू, (घ) गाउँपालिकाको वस्तुस्थिति झल्कने विभिन्न वस्तुगत सूचनाहरू, (ङ) गाउँसभा तथा गाउँकार्यपालिकाका सम्पूर्ण निर्णयहरू, (च) कार्यालयको संगठन संरचना, शाखागत जिम्मेबारी र सबै कर्मचारीको नाम नामेसी र कार्य विवरण, (छ) गाउँसभा वा गाउँकार्यपालिकाबाट पारित विनियम, कार्यविधि र निर्देशिका आदि, (ज) आफ्नो क्षेत्रमा कार्यरत विकास साझेदार संस्थाहरूको विवरण, (झ) अनुगमन तथा मूल्याङ्कनका प्रतिवेदनहरू, (ञ) सेवा प्रवाहसंग सम्बन्धित निवेदनको ढाँचा तथा फारामहरू, (ट) सामाजिक सुरक्षा भत्ता तथा बाल संरक्षण अनुदान प्राप्त गरेका व्यक्तिहरूको नाम नामेसी सहितको विवरण, (ठ) नागरिक बडापत्र ।

**(४०) वित्तीय सुशासन जोखिम (फिड्युसियरी रिस्क) न्यूनीकरणसम्बन्धी व्यवस्था :**

गाँउपालिकाको संस्थागत, आर्थिक, वित्तीय सुशासन एवम् विश्वसनीयता कायम गर्दै यस सम्बन्धी जोखिमहरू न्यूनीकरण गर्नका लागि देहाय बमोजिमको व्यवस्था गर्नु पर्नेछ :-

(क) पूँजिगत रकमबाट लगानी निषेध गरिएका क्षेत्रमा गरिएको खर्च र तोकिएको सीमा बाहिर गरेको कन्टिन्जेन्सी खर्चको निर्णय गर्ने पदाधिकारीबाट कानूनबमोजिम सरकारी बाँकी सरह असुलउपर गरिनेछ ।

(ख) उपभोक्ता समितिबाट संचालित कार्यक्रमको लेखा दुरूस्त राख्ने दायित्व सम्बन्धित उपभोक्ता समितिका प्रमुख, कोषाध्यक्ष र सदस्य सचिवको हुनेछ । लेखा दुरूस्त नराखेको पाइएमा प्रचलित कानून बमोजिम कारबाही हुनेछ ।

(ग) भए गरेको कामलाई नगरेको भनी तथा नगरेको कामलाई गरेको भनी सिफारिश गर्ने, नाप जाँच प्राविधिक सुपरिवेक्षण गर्ने र अन्तिम मूल्याङ्कन गर्ने कर्मचारीलाई प्रचलित कानून बमोजिम कारबाही हुनेछ ।

(घ) यस कार्यविधि बमोजिम सञ्चालन हुने कार्यक्रमको रकम दुरूपयोग भएको प्रमाणित भएमा सम्बन्धित पदाधिकारीबाट असुल उपर गरिनुको साथै त्यस्तो निर्णय गर्ने अधिकारीलाई प्रचलित कानून बमोजिम कारबाही हुनेछ ।

(ङ) गाँउपालिकाको सार्वजनिक खरिद प्रक्रियालाई पारदर्शी र नियमित गराउन सार्वजनिक खरिद ऐन र नियमावलीको पूर्ण पालना गर्दै विद्युतीय माध्यमबाट सञ्चालन गर्न प्रोत्साहन गर्नु पर्नेछ । ठेक्कापट्टा प्रक्रियामा हुनसक्ने अनियमितता, मिलोमतो र जवरजस्ती गर्नेजस्ता कानून विपरितका कार्यहरू निरूत्साहित गर्न स्थानीय प्रशासनले आवश्यक सहयोग गर्नुपर्नेछ ।

(च) स्थानीय सरकार सन्चालन ऐन, नियम, प्रचलित कानून र यस कार्यविधि विपरित कुनै पनि कार्यक्रम वा क्रियाकलाप र सेवा प्रवाहसम्बन्धी कार्य सञ्चालन गर्न पाईनेछैन ।

(छ) कार्यक्रम(सर्शत र समानिकरण) वा आयोजनाहरूको यस कार्यविधिमा उल्लेख भए बमोजिम नियमित रूपमा अनुगमन, प्रतिवेदन तथा समीक्षा गर्नुपर्नेछ ।

(ज) नीतिगत एवम् कार्यक्रम वा आयोजना कार्यान्वयनमा हुनसक्ने अनियमितता, भ्रष्टाचार र अख्तियारको दुरूपयोग लगायत निहित स्वार्थका लागि कार्य गर्ने उपर प्रचलित कानून बमोजिम कारबाही गरिनेछ ।

(झ) गाँउपालिकाको हित विपरित ठेक्का भेरिएसन गर्न वा मूल्य समायोजन गर्न वा स्वार्थ बाझिने काम गर्न पाइनेछैन ।

(ञ) प्रत्येक आर्थिक वर्षको वैशाख मसान्तपछि नयाँ आयोजना सम्झौता गर्न वा पेश्की उपलब्ध गराउन पाईने छैन । साथै रकम फ्रिज नगर्ने गलत मनसायले नियमभन्दा बढी पेश्की दिन वा अन्य खातामा रकमान्तर वा स्थानान्तरण गरेको पाइएमा त्यस्तो गर्ने कर्मचारीलाई कानून बमोजिम कारबाही हुनेछ ।

(ट) आर्थिक वर्षको अन्तिम महिनामा पेश्की लिने वा दिने, रकमान्तर गर्ने, कार्यक्रम संशोधन गर्ने-जस्ता कार्यहरू गरेको पाइएमा त्यस्तो गर्ने कर्मचारीलाई प्रचलित कानून बमोजिम विभागीय सजाय हुनेछ

।

(ठ) गाँउपालिकाबाट सञ्चालित कार्यक्रम वा आयोजनाको रकम उपभोक्ता समिति, ठेकेदार वा अन्य कार्यान्वयन गर्ने निकायबाट दुरूपयोग भएको पाइएमा वा अनुमानित लागतको तुलनामा गुणस्तरीय तवरबाट काम नभएको वा कम परिमाणमा काम भएको पाइएमा त्यस्तो कार्यमा संलग्न प्राविधिक कर्मचारी, व्यक्ति, पदाधिकारी वा निकायलाई भ्रष्टाचार निवारण ऐन, २०५९ एवम् प्रचलित कानून बमोजिम कारबाही हुनेछ ।

## परिच्छेद-९
## विविध

**(४१) विषयगत क्षेत्रको सशर्त अनुदानको कार्यान्वयन प्रचलित ऐन बमोजिम गरीनेछ ।**

**(४२) गैरसरकारी संस्थासम्बन्धी व्यवस्था :**

(१) गैरसरकारी संघ संस्थाले आफ्ना कार्यक्रम(सर्शत र समानिकरण) वा आयोजन स्रोत गाउँपालिकामा परिचालन गर्दा ऐनको दफा २५ बमोजिम गर्नु पर्नेछ ।

**(४३)निर्देशनको पालना :**गाउँपालिकाले यस कार्यविधिका प्रावधानहरूको अतिरिक्त वजेट अख्तियारीमा तोकिएका शर्तहरू, मन्त्रालयबाट गरिएका परिपत्र एवम् निर्देशन र न्यूनतम शर्त तथा कार्यसम्पादन मापन कार्यविधिमा उल्लिखित प्रावधानहरूको समेत पालना गर्नु गराउनु पर्नेछ ।

**(४४) खारेजी र बचाऊ :**

(१) यस कार्यविधिका प्रावधानहरूलाई कार्यान्वयन गर्दा यस कार्यविधि लागू हुनुभन्दा अघि सभाबाट स्वीकृत भएका कार्यक्रम र बजेटलाई सोही अनुसार सञ्चालन गर्न यस कार्यविधिले बाधा पुऱ्याएको मानिने छैन । तर यस कार्यविधिका अन्य प्रावधानहरूको हकमा यसै कार्यविधिमा उल्लेख भए बमोजिम गर्नु गराउनु पर्नेछ । गाउँसभा तथा कार्यपालिकाबाट स्वीकृत भएका कार्यक्रम वा आयोजना सञ्चालन गर्दा र अन्य कार्यक्रम वा आयोजना स्वीकृति, कार्यान्वयनसम्बन्धी क्रियाकलाप गर्दा यस कार्यविधिका प्रावधानहरूको समेत पालना गर्नुपर्नेछ ।

(२) यस कार्यविधिका कुनै प्रावधानहरू प्रचलित कानून एवम् ऐन, नियमावलीसंग बाझिएमा बाझिएको हदसम्म अमान्य हुनेछ

(३) यस कार्यबिधि कार्यन्वयनमा बाधा परेमा कार्यपालिकाको निर्णय बमोजिम हुने छ ।

बढैयाताल गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
मैनापोखर, बर्दिया
५ नं. प्रदेश, नेपाल

**(प्रमाणिकरण गर्ने)**
**नाम :- श्री लाल बहादुर श्रेष्ठ**
**पदः- अध्यक्ष**
**बढैयाताल गाउँपालिका कार्यालय,**
**मैनापोखर ( बर्दिया )**
**५ नं. प्रदेश, नेपाल**